# विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा २०१५-२०३०

## नेपाली अनुवाद

# विपद् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्र संघको कार्यलयद्वारा प्रकाशित विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा २०१५-२०३०
## नेपाली अनुवाद


नेपाली प्रकाशन : २०७४ (सन् २०१७)

नेपाली अनुवादः रामचन्द्र न्यौपाने

अनुवाद सहयोगः इको-नेपाल

प्रकाशन सहयोगः डीसिए नेपाल

प्रकाशकः गृह मन्त्रालय

समन्वयः प्रकोप पूर्वतयारी सञ्जाल-नेपाल (डीपीनेट-नेपाल)



सर्वाधिकारः © गृह मन्त्रालय तथा प्रकोप पूर्वतयारी सञ्जाल-नेपाल



मुद्रकः स्वीफ्ट प्रिन्टर्स प्रा. लि., काठमाडौं


प्रकाशनका सम्बन्धमा : इको-नेपालको सहयोगमा अनौपचारिक अनुवाद भएको विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन्२०१५-२०३०) डिसिएको सहयोगमा यस सञ्जालले प्रकाशन गरेको छ । यस कार्यढाँचामा अनुवादका क्रममा लेखिएका कुनै पनि उद्धरणले यो सञ्जाल र सहयोगी संस्थाहरूको धारणा व्यक्त भएको मानिने छैन र ती धारणाप्रति संस्थाहरू जिम्मेवार हुनेछैनन् ।


जनचेतना अभिवृद्धिका लागि यो सामग्री पूरै वा आंशिकरूपमा स्रोत उल्लेख गरी पुनःप्रकाशन गर्न सकिनेछ । त्यसरी प्रकाशन भएको सामग्रीको एक प्रति यस सञ्जालमा उपलब्ध गराइदिन सञ्जाल आग्रह गर्दछ ।

नेपाल सरकार

# गृह मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मितिः-
च.नं.:-

## भूमिका

जापानको सेण्डाइमा सन् २०१५ मा आयोजित विपद् जोखिम न्यूनीकरणका लागि तेस्रो संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनमा सहभागी राष्ट्रहरूले दिगो विकासको सन्दर्भमा गरिबी निवारण, विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धिका विषयलाई सबै तहका नीति, योजना, कार्यक्रम र बजेट विनियोजनमा उपयुक्तता हेरी एकीकृत रुपमा समायोजन गर्ने गरेका प्रतिबद्धता अनुसार "विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा २०१५-२०३०" अनुमोदन भई कार्यान्वयनमा आएको छ । नेपाल, विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचाको पक्ष राष्ट्र भएकोले उक्त कार्यढाँचामा आधारित भई हालसालै नेपाल सरकारले "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति" तथा "विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०" लाई मुर्तरुप दिइसकेको स्थितिमा अंग्रेजी भाषामा रहेको उक्त कार्यढाँचालाई नेपाली भाषामा अनुवाद गर्न आवश्यक भएको मनन गर्दै गृह मन्त्रालयको अग्रसरता, डिपीनेटको समन्वय, डिसीए नेपाल तथा इको नेपालको सहयोगमा यो दस्तावेज नेपाली भाषामा अनुवादित गरिएको छ ।

अनुवादलाई स्तरीय बनाउन हरतरहले प्रयास गरीएको छ, यद्यपी यसमा भाषागत तथा व्याकरणीय त्रुटिहरु रहेका हुनसक्छन् । यस्ता त्रुटिहरुलाई यही अनुवादित दस्तावेजको आगामी संस्करणमा सच्याइने व्यहोरा पनि जानकारी गराउन चाहन्छु । यस अनुवादित दस्तावेजमा जे लेखिएको भएता पनि त्यसको अन्तिम व्याख्या गर्दा अङ्ग्रेजी संस्करणलाई आधिकारिक दस्तावेजको रुपमा लिनुपर्ने कुरा पनि जानकारी गराउन चाहन्छु ।

२५ श्रावण, २०७५

केदार न्यौपाने
सह-सचिव
विपद तथा द्वन्द्व व्यवस्थापन महाशाखा
गृह मन्त्रालय

**Disaster Preparedness Network Nepal**
Nepal Redcross Building, P.O.Box No. 12294, Kalimati, Kathmandu
Phone: +977-01-4672165, 6226613, Fax: +977-01-4672165
Email: dpnet@dpnet.org.np, URL: www.dpnet.org.np

# प्राक्कथन

प्रकोप पूर्वतयारी सञ्जाल-नेपालले अंग्रेजी भाषामा प्रकाशन भएका विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित विभिन्न प्रकाशनहरुलाई सरोकारवाला तथा आम् नेपालीहरुले सहज रुपमा बुझ्न सकुन भन्ने उद्देश्यका साथ नेपाली भाषामा अनुवाद गरी प्रकाशन गर्दै आईरहेको छ । यसै सिलसिलामा नेपाल विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचाको पक्ष राष्ट्र पनि भएकोले उक्त कार्य ढाँचामा आधारित भई नेपाल सरकारले समेत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण नीति तथा विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्य योजनालाई २०१८-२०३० मुर्तरुप दिइसकेको अवस्थालाई मध्यनजर गर्दै यस कार्य ढाचाँको नेपाली संस्करणको अनुवाद गरिएको हो । हामीलाई आशा एवम् विश्वास छ कि नेपाली भाषामा अनुवाद गरी प्रकाशन गरिएको यो विपद् जोखिम न्यूनीकरण सेण्डाइ कार्यढाँचा सबै सरोकारवाला तथा आम् नेपालीहरुलाई सहज रुपमा बुझ्नका लागि उपयोगी हुनेछ ।

यस संस्करणको प्रकाशन गृह मन्त्रालयको अग्रसरता, प्रकोप पूर्वतयारी सञ्जाल-नेपालको समन्वयमा संजालका सदस्य डि.सि.ए नेपालको आर्थिक तथा ईको नेपालको अनुवाद सहयोगबाट संभव भएको हो । प्रकोप पूर्वतयारी सञ्जाल-नेपाल, यस कार्यमा सहयोग पुऱ्याउने गृह मन्त्रालय लगायत माथि उल्लिखत सहयोगी संस्थाहरु प्रति हार्दिक आभार प्रकट गर्दछ ।

यस संस्करणको भाषा अनुवाद, भाषागत शुद्धता एवं परिमार्जनमा सहयोग पुऱ्याउनु हुने श्री रामचन्द्र न्यौपाने र केदारबाबु ढुंगाना लगाायत पृष्ठपोषण दिनुहुने सम्पूर्ण माहानुभावहरु प्रति हामी आभार व्यक्त गर्न चाहान्छौ । यस प्रकाशनमा सहयोग पुऱ्याउने यस सञ्जालका कार्य समितिका पदाधिकारी एवं सदस्यहरु तथा सचिवालयमा कार्यरत कर्मचारीहरुलाई पनि धन्यवाद दिन चाहन्छौं ।

२५ श्रावण २०७५

सूर्य बहादुर थापा

अध्यक्ष

प्रकोप पूर्वतयारी सञ्जाल-नेपाल

# प्राक्कथन

विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा (सन् २०१५-२०३०) सन् २०१५ मार्च १८ का दिन जापानको सेण्डाइमा आयोजित संयुक्त राष्ट्रसंघीय तेस्रो विश्व सम्मलेनबाट अनुमोदन गरियो । प्रस्तुत कार्यढाँचा संयुक्त राष्ट्रसंघीय महासभाको अनुरोधमा संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सचिवालयको सहयोगमा सन् २०१२ को मार्चमा आयोजित सरोकारवालाहरूसँगको प्रारम्भिक छलफल र सन् २०१४ को जुलाईदेखि सन् २०१५ को मार्चसम्म विभिन्न चरणमा अन्तरसरकारी समूहसँगको छलफल र अनुमोदनबाट प्राप्त उपलब्धि हो ।

विपद् उत्थानशील समुदाय र राष्ट्रको विकासको सम्बाहकको रूपमा आएको ह्योगो कार्यढाँचा, सन् २००५-२०१५ को पछिल्लो दस्तावेज नै सेण्डाइ कार्यढाँचा हो । सन् १९८९ मा घोषित प्राकृतिक प्रकोप न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय दशक, सन् १९९४ मा अवलम्बन गरिएको सुरक्षित विश्वका लागि प्राकृतिक प्रकोप रोकथाम, पूर्वतयारी तथा अल्पीकरणसम्बन्धी योकोहामा रणनीति र सन् १९९९ मा अनुमोदित विपद् न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय रणनीतिजस्ता विश्वव्यापी रूपमा भएका कार्यहरूलाई थप बढावा दिन विपद् जोखिम न्यूनीकरणका लागि ह्योगो कार्यढाँचा (सन् २००५-२०१५) तयार गरिएको थियो ।

ह्योगो कार्यढाँचाअन्तर्गत सरकार तथा सरोकारवालाहरूले सम्पादन गरेका कार्यका आधारमा सेण्डाइ कार्यढाँचाको निर्माण भएको छ । यसभित्र विभिन्न समयमा भएका परामर्श र सहमतिबाट पहिचान भएका नवप्रवर्तनमुखी प्रयासलाई समेत समेटिएको छ। प्रस्तुत कार्यढाँचाले विपद् व्यवस्थापनबाट विपद् जोखिम व्यवस्थापनतर्फ अग्रसर हुनु पर्नेमा जोड दिएको यथार्थ विश्लेषकहरूले पनि स्वीकारेका गरेका छन् । कार्यढाँचाले विश्वव्यापी रूपमा लिइएका सातवटा लक्ष्यको परिभाषा, अपेक्षित उपलब्धिका रूपमा विपद् जोखिम न्यूनीकरण, मौजुदा जोखिम घटाउने र नयाँ जोखिमको रोकथाम र उत्थानशीलताको सबलीकरण, निर्देशक सिद्धान्तको विकास, राज्यको प्राथमिक उत्तरदायित्व सहितको विपद् जोखिम न्यूनीकरणजस्ता कार्यमा समाजका सबै वर्ग र राज्यका सम्पूर्ण निकायको संलग्नता रहनु पर्ने कुरालाई जोड दिएको छ । यसका साथै, विपद् जोखिम न्यूनीकरणको कार्यक्षेत्र प्राकृतिक तथा मानवनिर्मित प्रकोप र वातावरणसँग सम्बन्धित, प्रविधि, जैविक प्रकोप र त्यसबाट उत्पन्न जोखिमलाई समेत समेट्नेगरी विस्तारित गरिएको छ । यी सबैमा उत्थानशील स्वास्थ्यलाई सशक्ततापूर्वक प्रवर्द्धन गरिनेछ ।

सेण्डाइ कार्यढाँचाले सम्मुखता तथा सङ्कटासन्नताको आयाम र प्रकोपका विशेषतासहित विपद् जोखिम न्यूनीकरणरसम्बन्धी बुझाइमा सुधार; विपद् जोखिम न्यूनीकरण राष्ट्रिय कार्यमञ्चसहित विपद् सुशासनको सबलीकरण; विपद् जोखिम व्यवस्थापनका लागि जवाफदेहिता; पहिलेभन्दा अझ बलिया र राम्रो निर्माणका लागि पूर्वतयारी; सरोरकावाला र तिनको भूमिकाको सम्मान; नयाँ जोखिमको उत्पत्ति हुन नदिने गरी विपद् संवेदनशील लगानीको प्रवर्द्धन; स्वास्थ्य संरचना, सांस्कृतिक सम्पदा र कार्यस्थलको उत्थानशीलता; विश्वव्यापी साझेदारी र वित्तीय सहयोगसहितको

अन्तर्राष्ट्रिय सहयोगको अभिवृद्धि; अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट सुलभरूपमा ऋण लगानी, दाताको जोखिम सम्वेदनशील नीतिजस्ता मूलभूत विषयवस्तुलाई आत्मसात गरेको छ। यसका साथै संयुक्त राष्ट्रसंघको तर्फबाट विपद् जोखिम न्यूनीकरण विश्व कार्यमञ्च र विपद् जोखिम न्यूनीकरण क्षेत्रीय कार्यमञ्चले विपद् जोखिम न्यूनीकरणसम्बन्धी सवालमा एकरुपता, विषयवस्तुको अनुगमन र आवधिक समीक्षा तथा पुनरावलोकनका लागि सहयोग संयन्त्रको रूपमा काम गर्नेछन् ।

सेण्डाइ कार्यढाँचाको कार्यान्वयनमा सहजीकरण, निरन्तरताका लागि ताकेता र पुनरावलोकनका निमित्त संयुक्त राष्ट्रसंघीय विपद् जोखिम न्यूनीकरण सचिवालयलाई जिम्मेवारी दिइएको छ ।



**मार्गारेटा वालस्ट्रोम**

महासचिवका विशेष प्रतिनिधि
संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सचिवालय

## नेपाली अनुवाद

# विषयसूची

प्रस्तावना

अपेक्षित उपलब्धि र लक्ष्य

निर्देशक सिद्धान्त

प्राथमिकता प्राप्त कार्य

प्राथमिकता १ : विपद् जोखिम बारे बुझाइ १६

प्राथमिकता २ : विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम सुशासन सशक्तिकरण १७

प्रथामिकता ३ : उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी १८

प्राथमिकता ४ : प्रभावकारी प्रतिकार्यका लागि सुदृढ पूर्वतयारी र "पहिलेभन्दा बलियो र राम्रो निर्माण" सहितको पुनलाभ, पुनःस्थापना र पुननिर्माण । २१

सरोकारवालाहरूको भूमिका २३

अन्तर्राष्ट्रिय सहयोग तथा विश्वव्यापी साझेदारी २४

## क. प्रस्तावना

१. जापानको मियागीस्थित सेण्डाइमा सन् २०१५ को मार्च १४ देखि १८ मा अयोजित विपद् जोखिम न्यूनीकरणका लागि तेस्रो संयुक्त राष्ट्रसंघीय विश्व सम्मेलनबाट राष्ट्रहरूका लागि अभूतपूर्व अवसर प्रदान गर्दै "विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा सन् २०१५-२०३०" अनुमोदन भएको छ, जसले :

(क) विपद् जोखिम न्यूनीकरणका लागि सन् २०१५ पछिको सङ्क्षिप्त, केन्द्रीकृत, दूरदर्शी र कार्यान्वयनयोग्य कार्यढाँचा अनुमोदन गरिएको;

(ख) ह्योगो कार्यढाँचा सन् २००५-२०१५ : विपद्बाट उत्थानशील समुदाय र राष्ट्रिय विकासको कार्यक्रम कार्यान्वयनको लेखाजोखा तथा पुनरावलोकनलाई पूर्णता दिइएको;[1]

(ग) राष्ट्रिय र क्षेत्रीय तहमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी रणनीति, संरचना, योजनाबाट प्राप्त अनुभवका साथै ह्योगो कार्यढाँचाको कार्यान्वयनका लागि क्षेत्रीय तहमा भएका सम्झौता समेतलाई ग्रहण गरिएको;

(घ) विपद् जोखिम न्यूनीकरणका लागि सन् २०१५ पछिको कार्यढाँचाको कार्यान्वयनको लागि प्रतिबद्धतामा आधारित सहयोगको रूपरेखा पहिचान गरिको;

(ङ) विपद् जोखिम न्यूनीकरणका लागि सन् २०१५ पछिको कार्यढाँचाको कार्यान्वयनको आवधिक पुनरावलोकनको प्रारुप सुनिश्चित गरिएको ।

२. विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धिका[2] लागि दिगो विकासको सन्दर्भमा गरिबी निवारण, विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता अभिवृद्धिका विषयलाई सबै तहका नीति, योजना, कार्यक्रम र बजेट विनियोजनलाई उपयुक्तता हेरी एकीकृत रूपमा समायोजन गर्न राष्ट्रहरूले विश्व सम्मेलनमा प्रतिबद्धता दोहोऱ्याएका छन् जसलाई प्रस्तुत कार्यढाँचामा समावेश गरिएको छ ।

**ह्योगो कार्यढाँचाको : सिकाइ, कमी–कमजोरीको पहिचान र भावी चुनौती**

३. ह्योगो कार्यढाँचा सन् २००५ को अवलम्बनपछि, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी रूपमा अध्ययन गरी तयार गरिएका कार्यान्वयनसम्बन्धी प्रगति प्रतिवेदनहरूका अनुसार स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वस्तरमा विपद् जोखिम न्यूनीकरणमा मुलुकहरू र सरोकारवालाहरूले उपलब्धि प्राप्त

1 . A/CONF.206/6 and Corr.1, chap. I, resolution 2.

2. Resilience is defined as: "The ability of a system, community or society exposed to hazards to resist, absorb, accommodate to and recover from the effects of a hazard in a timely and efficient manner, including through the preservation and restoration of its essential basic structures and functions", United Nations Office for Disaster Risk Reduction (UNISDR), "2009 UNISDR Terminology on Disaster Risk Reduction", Geneva, May 2009 (http://www.unisdr. org/we/inform/terminology).

गरेका छन् । विश्वका धेरै देश र सरोकारवालाहरूका अनुसार खास-खास प्रकारका प्रकोपबाट उत्पन्न विपद्बाट हुने मानवीय क्षतिमा उल्लेख्य कमी आएको छ[3] । विपद् जोखिम न्यूनीकरण गर्नु भनेको भविष्यमा हुने विपद्जन्य क्षति रोकथामका लागि गरिने लागत प्रभावकारी लगानी हो । प्रभावकारी रूपमा गरिएका विपद् जोखिम व्यवस्थापनले दिगो विकासलाई योगदान गर्दछ । विभिन्न देशहरूले विपद् जोखिम व्यवस्थापनका सन्दर्भमा आफ्नो क्षमता अभिवृद्धि गरेका छन् । विपद् जोखिम न्यूनीकरणका लागि समन्वय र साझेदारी अभिवृद्धि गर्ने कार्यमा रणनीतिक सल्लाह, समन्वय र सहयोगका लागि विपद् जोखिम न्यूनीकरण विश्व कार्यमञ्च, क्षेत्रीय कार्यमञ्च, राष्ट्रिय र अन्तर्राष्ट्रिय निकाय र दातालगायत अन्तर्राष्ट्रिय संयन्त्रले अहं भूमिका निर्वाह गरेको छ । उल्लिखित संयन्त्र र सहयोगले राष्ट्रिय तहमा नीतिगत व्यवस्था र रणनीतिक कार्यक्रमको तयारीका साथै ज्ञान व्यवस्थापन तथा सिकाइको कार्य विस्तारित गरेको छ । समग्रमा ह्योगो कार्यढाँचा विपद् जोखिम न्यूनीकरणका लागि सामाजिक र संस्थागत रूपमा चेतना अभिवृद्धि गर्न, राजनीतिक प्रतिबद्धता निर्माण गर्न र सबै तहका बृहत् सरोकारवालाबाट कार्यान्वयनमा ल्याउने महत्वपूर्ण औजार सावित भएको छ ।

४. गएको १० वर्षको अवधिमा विपद्बाट हुने मानवीय क्षतिको मात्रा अझ बढ्दै गएको देखिएको छ, परिणामस्वरुप धेरैजसो देशमा प्रभावित व्यक्ति, परिवार र समुदयको सङ्ख्या बढेको छ र तिनको सुरक्षा र गुणस्तरीय जीवनपद्धति प्रभावित भएको छ । यस अवधिमा विपद्का कारण ७ लाखभन्दा बढी मानिसले जीवन गुमाएका छन्, १४ लाखभन्दा बढी मानिस घाइते भएका छन् र करिब २ करोड ३० लाख मानिस घरबारविहीन भएका छन् । समग्रमा विपद्का कारण १ अर्ब ५० करोडभन्दा बढी मानिस विभिन्न प्रकारले प्रभावित भए जसबाट महिला, बालबालिका र उच्च सङ्कटासन्न समूहहरू बढी प्रभावित भए । त्यसैगरी यस अवधिमा विश्व अर्थतन्त्रमा १३ खर्ब अमेरिकी डलरभन्दा बढीको आर्थिक क्षति भएको थियो । यसका साथै सन् २००८ र २०१२ को बीचमा १४ करोड ४० लाख मानिस विपद्का कारण विस्थापित भए । जलवायु परिवर्तनका कारण धेरैजसो विपद्को आवृत्ति र तीव्रता निरन्तर बढिरहेको छ जुन दिगो विकासको प्रयासमा बाधक बनेको छ । तथ्यअनुसार सबै मुलुकमा व्यक्ति र सम्पत्तिको सङ्कटासन्नता[4] जुन गतिमा घट्दै गएको छ त्यसभन्दा तीव्र गतिमा सम्मुखता बढेर गएको छ । परिणामस्वरुप नयाँ जोखिमको उत्पत्ति भएर आर्थिक, सामाजिक, स्वास्थ्य, संस्कृति र वातावरणको क्षेत्रमा विपद्सम्बन्धी क्षति निरन्तर बढ्नाले विशेषगरी स्थानीय र समुदाय स्तरमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन प्रभाव परेको छ । बारम्बार दोहोरिने स-साना विपद् र सुस्त-उत्थान विपद्ले विशेषगरी समुदायका मानिस प्रभावित

[3] .Hazard is defined in the Hyogo Framework for Action as: "A potentially damaging physical event, phenomenon or human activity that may cause the loss of life or injury, property damage, social and economic disruption or environmental degradation. Hazards can include latent conditions that may represent future threats and can have different origins: natural (geological, hydrometeorological and biological) or induced by human processes (environmental degradation and technological hazards).

[4] . Vulnerability is defined in the Hyogo Framework for Action as: "The conditions determined by physical, social, economic and environmental factors or processes, which increase the susceptibility of a community to the impact of hazards".

भइरहेका छन्, घरपरिवार, साना र मध्यम स्तरका संस्थागत समूहहरू उच्च तहको क्षतिको सामना गर्न विवश रहेका छन् । सबै मुलुकहरू विशेषगरी विकासोन्मुख मूलकहरूमा विपद्‌बाट हुने मानवीय मृत्यु र आर्थिक क्षति तुलनात्मक रूपमा उच्च रहेको छ, परिणामस्वरुप ती मुलुकहरूले आर्थिक तथा अन्य दायित्व पूरा गर्न बढ्दो अदृष्य लागत र चुनौतीको सामना गर्नु परिरहेको छ ।

५. विपद्‌बाट व्यक्ति, समुदाय र राष्ट्रहरू, तिनको जीविकोपार्जन, स्वास्थ्य, सांस्कृतिक सम्पदा, सामाजिक-आर्थिक सम्पत्ति र पारिस्थितिकीय प्रणालीको अझ प्रभावकारी संरक्षण गर्दै उत्थानशीलता अभिवृद्धि गर्न विपद्‌जन्य जोखिमको आँकलन, योजना र न्यूनीकरण गर्नु अति आवश्यक छ ।

६. सबै तहमा नयाँ जोखिमको उत्पत्ति रोक्न र विपद्‌जन्य जोखिमप्रतिको जवाफदेहिता अभिवृद्धि गर्न सम्मुखता र सङ्कटासन्नता घटाउने कामलाई बढावा दिनु जरुरी छ। विपद्‌जन्य जोखिमका आधारभूत कारण, गरिबी र असमानताका कारकतत्वहरू, जलवायु परिवर्तन र यसको परिवर्तशीलता, अव्यवस्थित र तीव्र सहरीकरण, कमजोर भूव्यवस्थापन र तीव्र जनसङ्ख्या वृद्धि तथा जनसाङ्खिकीय परिवर्तन, कमजोर संस्थागत व्यवस्था, विपद् संवेदनशीलता रहित नीतिगत व्यवस्था, विपद् जोखिम न्यूनीकरणका लागि निजी क्षेत्रको लगानीमा नियमन र प्रोत्साहनको कमी, जटिल आपूर्ति प्रणाली, प्रविधिको न्यून उपलब्धता, प्राकृतिक स्रोतको दिगो उपयोमा कमी, पारिस्थितिकीय प्रणालीको अपकर्षण, महामारीजस्ता विपद्‌का अन्तर्निहित सम्बाहकसँग जुध्नका लागि अझ सशक्त कार्य गर्नु जरुरी छ । यसका साथै विपद् प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण, पुनःस्थापना र पहिलेभन्दा बलियो राम्रो निर्माणका लागि राष्ट्रिय समन्वय र पूर्वतयारीलाई प्रभावकारी बनाउँदै राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी तहमा सशक्त अन्तर्राष्ट्रिय सहयोगको परिचालन गर्दै विपद् जोखिम न्यूनीकरण सुशासनलाई नियमितरूपमा प्रवर्द्धन गर्नु जरुरी छ ।

७. विपद् जोखिम रोकथामको कार्यलाई जनकेन्द्रित रूपमा प्रवर्द्धन गर्ने अवधारणाबाट अघि बढाउनु पर्नेछ । विपद् जोखिम न्यूनीकरणका अभ्यासलाई प्रभावकारी र यथार्थपरक बनाउन बहूप्रकोप र बहूक्षेत्रगत रूपमा सबैको पहुँच हुनेगरी समावेशी बनाउनु जरुरी छ । सरकारले महिला, बालबालिका र युवा, अपाङ्गता भएका व्यक्ति, गरिब जनता, आप्रवासी, स्थानीय समुदाय, स्वयंसेवक, अभ्यासकर्ताहरूको समूहका साथै जेष्ठ नागरिकजस्ता सरोकारवालालाई साथमा लिएर नीति, योजना र मापदण्डहरूको तर्जुमा र कार्यान्वयनको नेतृत्व गर्नु पर्ने हुन्छ । सार्वजनिक, निजी क्षेत्र र नागरिक समाजका संस्थाहरूका साथै शैक्षिक तथा प्राज्ञिक र विज्ञान तथा अनुसन्धानसँग सम्बन्धित संस्थाहरूले एकसाथ काम गर्ने अवसर प्रदान गर्नका लागि समन्वय गरी उनीहरूका कार्यक्रम र व्यवसायमा विपद् जोखिम न्यूनीकरणका कार्यलाई समायोजन गर्नु आवश्यक छ ।

८. विपद्‌जन्य जोखिम न्यूनीकरण गर्नका लागि राष्ट्रिय र स्थानीय अधिकारीका साथै समुदाय र व्यवसायहरूले गर्ने प्रयासलाई सघाउन अन्तर्राष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय र सीमापार

सहयोगको विशेष भूमिका रहन्छ । प्रभावकारी सहयोग र उत्कृष्ट कार्यान्वयनको लक्ष्य प्राप्तीका लागि मौजुदा संरचनालाई सशक्त बनाउनु पर्ने हुनसक्छ । विकासोन्मुख देशहरू, विशेषगरी अविकसित देशहरू, स-साना टापुजन्य विकासोन्मुख राज्यहरू, भूपरिवेष्ठित विकासोन्मुख मूलकहरू र अफ्रिकी राष्ट्रहरूका साथै मध्यम स्तरको आय भएका देशहरूले उल्लेख्य मात्रामा चुनौतीको सामना गर्नु परिरहेको छ । यस वर्गका मुलुकहरूसँग उपलब्ध साधन स्रोतको प्रभावकारी उपयोगका लागि क्षमता अभिवृद्धि र दिगो विकासमा सहयोग गर्ने अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुरुप समयमै क्षमता अभिवृद्धिका कार्यहरू कार्यान्वयन गर्न, आर्थिक तथा प्राविधिक सहयोग र प्रविधि हस्तान्तरण गर्न द्विपक्षीय तथा बहूपक्षीय सहयोग परिचालन गर्नु जरुरी छ ।

९. समग्रमा ह्योगो कार्यढाँचाले विपद् जोखिम न्यूनीकरणका प्रयासलाई प्रभावकारी बनाउन संवेदनशील रूपमा मार्गदर्शन गऱ्यो र सहश्राब्दी विकास-लक्ष्य प्राप्तीका प्रयासलाई प्रगतिउन्मुख बनाउन उल्लेख्य योगदान दियो । ह्योगो कार्यढाँचाको कार्यान्वयनको क्रममा विपद्जन्य जोखिमका अन्तर्निहित कारकतत्वको समेत सम्बोधन गर्दै सबै तहमा विपद् उत्थानशीलताको प्रवर्द्धन गर्ने लक्ष निर्धारण तथा प्राथमिकता प्राप्त क्रियकलापको[5] पहिचान र कार्यान्वयन गर्ने प्रक्रियामा हुन गएको कमीकमजोरीसमेत प्रकाश पाऱ्यो । पहिचान भएका कमीकमजोरीले कार्यान्वयनयोग्य एउटा कार्यढाँचा तयारी गर्नु पर्ने आवश्यकता देखायो जसले विपद् जोखिम पहिचान गर्न तथा सरकार र सम्बन्धित सरोकारवालाहरूलाई एक-अर्काको परिपूरकका रूपमा काम गर्न प्रोत्साहित गर्दै उत्थानशीलता अभिवृद्धिका निमित्त विपद् जोखिम व्यवस्थापनमा लगानी गर्न मार्गदर्शन समेत प्रदान गर्नेछ ।

१०. ह्योगो कार्यढाँचाको अनुमोदन गरिएको १० वर्ष पछिसम्म पनि दिगो विकासका उपलब्धि प्राप्त गर्ने प्रयासमाथि विपद्ले नियमित रूपले बाधा उत्पन्न गरिरह्यो ।

११. सन् २०१५ पछिको विकासको सवालमा अन्तरसरकारी सहमतिले विकास, जलवायु परिवर्तन र विपद् जोखिम न्यूनीकरणका क्षेत्रमा लगानी गर्न अन्तर्राष्ट्रिय समुदायलाई आ-आफ्नो क्षेत्राधिकारको ख्याल गर्दै नीति निर्माण, संस्थागत व्यवस्थामा सुधार, उद्देश्यहरूको निर्धारण, अनुमगमन सूचक र परीक्षण प्रणालीको विकासमा एकरुपता कायम गर्न अभूतपूर्व अवसर प्रदान गऱ्यो । यसले गरिबी घटाउने विश्वव्यापी लक्ष्य प्राप्ती र उत्थानशीलता अभिवृद्धिबीच भरपर्दो सम्बन्ध स्थापित गर्ने कार्यमा योगदान गर्नेछ ।

१२. पछिल्लो समयको स्मरण गर्दा, सन् २०१२ मा सम्पन्न "हामीले चाहेको भविष्य[6]" नाम

[5]. The Hyogo Framework priorities for action 2005-2015 are: (1) ensure that disaster risk reduction is a national and a local priority with a strong institutional basis for implementation; (2) identify, assess and monitor disaster risks and enhance early warning; (3) use knowledge, innovation and education to build a culture of safety and resilience at all levels; (4) reduce the underlying risk factors; and (5) strengthen disaster

preparedness for effective response at all levels

[6] A/RES/66/288, annex.

गरिएको दिगो विकासका लागि संयुक्त राष्ट्र संघीय सम्मेलनबाट तयार भएको दस्तावेजले विपद् जोखिम न्यूनीकरण र विपद् उत्थानशील विकासको महत्वलाई विस्तार गरी कार्य गर्न आह्वान गर्‍यो । यस सम्मेलनले दिगो विकास र गरिबी घटाउने विषय, उपयुक्त विधिबाट यथाशीघ्र विपद् जोखिम न्यूनीकरणलाई विकास प्रक्रियाका सबै तहमा एकीकृत गर्ने सन्दर्भलाई महत्व दियो । यसका साथै सम्मेलनले रियो घोषणापत्रको वातावरण र विकास[७] को सिद्धान्तलाई पुनः जोड दियो ।

१३. जलवायु परिवर्तन विपद् जोखिमको एक प्रमुख कारक तत्व रहेको यथार्थलाई आत्मसात गर्दै संयुक्त राष्ट्र संघीय अभिसन्धि[८] को कार्यादेशले सम्बन्धित सबै अन्तरसरकारी प्रक्रियाका माध्यमबाट विपद्जन्य जोखिमलाई अर्थपूर्ण र एकीकृत रूपमा घटाउन सक्ने अवसर प्रदान गरेको छ ।

१४. यस पृष्ठभूमिलाई अलग राख्ने हो भने विपद् जोखिम न्यूनीकरण गर्न, मौजुदा चुनौतीहरूको सम्बोधन र भविष्यमा आइपर्ने चुनौतीलाई दृष्टिगत गरी अनुगमन, लेखाजोखा, विपद् जोखिम र यसको उत्पत्तिबारे बुझाइसम्बन्धी सूचनाको आदानप्रदान र सबै सरोकारवालाबीच विपद् सुशासनका लागि पूर्ण र औचित्यपूर्ण सहभागितासहित संस्था र क्षेत्रबीच समन्वय स्थापित हुनुपर्छ । यो प्रयासले व्यक्ति, समुदाय, राष्ट्र र समग्र वातावरणको उत्थानशीलताका लागि लगानी सुनिश्चित गर्दछ । यसका साथै प्रविधि तथा अनुसन्धान, बहूप्रकोप पूर्वसूचना प्रणालीको सबलीकारण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापनका कार्यलाई प्राथमिकतामा राख्नु आवश्यक छ । राष्ट्रिय कार्ययोजना र क्षमता अभिवृद्धिमा सहयोग पुर्‍याउनका लागि विकसित र विकासोन्मुख मुलुकसहित राज्य र अन्तर्राष्ट्रिय संस्थाबीच समन्वय स्थापित गरी अन्तर्राष्ट्रिय सहयोगलाई सुदृढ बनाउनु आवश्यक छ ।

१५. वर्तमान कार्यढाँचा स-साना र ठूला स्तरका, नियमित र अनियमित, तीब्र र सुस्त उत्थान विपद्जन्य जोखिम, प्राकृतिक र मानवकृत प्रकोप, वातावरणीय, प्राविधिक र जैविक प्रकोप र तिनको जोखिम न्यूनीकरणका सन्दर्भमा कार्यान्वयन गर्न सकिनेछ । बहूप्रकोपद्वारा विकासका सबै विषयगत क्षेत्र, तह र प्रक्रियामा उत्पन्न हुनसक्ने विपद्को व्यवस्थापन गर्न मार्गदर्शन गर्नु नै यस कार्यढाँचाको मुख्य उद्देश्य रहेको छ ।

## ख. अपेक्षित उपलब्धि र लक्ष्य

१६. उत्थानशील विकास र क्षति तथा नोक्सान घटाउने कार्यमा केही प्रगति भएका छन् तापनि दिगोरूपमा विपद् जोखिम न्यूनीकरण गर्न सुदृढ संरचना र प्रतिबद्धता आवश्यक

[7] . Report of the United Nations Conference on Environment and Development, Rio de Janeiro, 3-14 June 1992, vol. I, Resolutions Adopted by the Conference (United Nations publication, Sales No. E.93.I.8 and corrigendum), resolution 1, annex I.

[8]. The climate change issues mentioned in this Framework remain within the mandate of the United Nations Framework Convention on Climate Change under the competences of the Parties to the Convention.

पर्दछ । यसका निमित्त मानिस, उनीहरूको स्वास्थ्य तथा जीविकोपार्जनका क्षेत्रमा स्पष्ट दृष्टिकोणसहित कार्यलाई निरन्तरता दिनुपर्छ । ह्योगो कार्यढाँचाको समयावधि सकिएपछि तयार भएको, वर्तमान कार्यढाँचाले आगामी १५ वर्षमा देहायका उपलब्धि हासिल गर्ने लक्ष्य लिएको छ :

*विपद्को जोखिम र मानवीय क्षति, जीविकोपार्जनका साधन, स्वास्थ्य र व्यक्तिगत, व्यवसायिक, सामुदायिक र राज्यको आर्थिक, भौतिक, सामाजिक, सांस्कृतिक तथा वातावरणीय सम्पत्तिमा हुने नोक्सानी र क्षतिलाई दिगो रूपमा घटाउने ।*

अपेक्षा गरिएका उपलब्धि प्राप्त भएको अनुभूति गर्न सकिने गरी उपलब्धि हासिल गर्न वर्तमान कार्यढाँचाको कार्यान्वयन प्रत्येक तहमा सहज रूपमा निरन्तर गर्न र पुनरावलोकनका निमित्त अनुकूल वातावरण तयार पार्नु आवश्यक छ। यसका लागि राजनीतिक नेतृत्वको दृढ सङ्कल्प र संलग्नता आवश्यक पर्दछ ।

१७. अपेक्षित उपलब्धि प्राप्त गर्न निम्नअनुसारका लक्ष्य पूरा गर्नुपर्ने हुन्छः विपद्का कारण उत्पन्न हुने नयाँ जोखिमलाई रोक्ने र मौजुदा जोखिम घटनउनका लागि प्रभावकारी प्रतिकार्य तथा पुनर्लाभका लागि पूर्वतयारीलाई थप सशक्त बनाउने, उत्थानशीलता सुदृढ बनाउने र प्रकोपको सम्मुखता र विपद्को सङ्कटासन्नता घटाएर वा रोकथाम गरेर आर्थिक, संरचनात्मक, कानुनी, सामाजिक, स्वास्थ्य, सास्कृतिक, शैक्षिक, वातारणीय, प्राविधिक, राजनीकि र संस्थागत विधिलाई एकीकृत रूपमा कार्यान्वयन गर्ने ।

प्रस्तुत कार्यढाँचाले लिएका लक्ष्य प्राप्तीका लागि राष्ट्रिय प्राथमिकताहरूसँगै कार्यान्वयनको प्रबन्धका लागि अन्तर्राष्ट्रिय साझेदारीको माध्यमबाट सहयोग परिचालन गर्दै विकासोन्मुख मुलुकहरू, विशेषगरी अविकसित मुलुकहरू, साना र अल्पविकसित सामुद्रिक टापु राज्य, भूपरिवेष्ठित विकासोन्मुख देश र अफ्रिकी मुलुकहरूका साथै विशेष चुनौतीको सामना गरिरहेका मध्यम स्तरको आय भएका मुलुकको कार्यान्वयन क्षमता तथा सामर्थ्य वृद्धि गर्न आवश्यक छ ।

१८. वर्तमान कार्यढाँचाको उद्देश्य र अपेक्षित नतिजा प्राप्तीका लागि विश्वव्यापीरूपमा प्रगतिको लेखाजोखा गर्ने कार्यमा सहयोग गर्नका लागि विश्वव्यापीरूपमा सातवटा लक्ष्य प्राप्त गर्ने सहमति भएको छ । निर्धारित विश्वव्यापी लक्ष्य मापनयोग्य हुनेछन् र यसका लागि उपयुक्त सूचकको विकास गरिनेछ, जसले राष्ट्रिय लक्ष्य तथा सूचकले वर्तमान कार्यढाँचाको अपेक्षित उपलब्धी तथा उद्देश्य प्राप्तीमा योगदान दिनेछन् । सात विश्वव्यापी लक्ष्यहरू यस प्रकार छन् :

(क) सन् २०३० सम्ममा विपद्बाट विश्वव्यापी रूपमा हुने मानिसको मृत्युदर दिगो रूपमा घटाउने । सन् २००५ देखि सन् २०१५ सम्मको मृत्युदरको तुलनामा सन् २०२० देखि सन् २०३० सम्मको दशकमा प्रतिवर्ष औसतमा विश्वव्यापी मृत्युदर १००,००० का दरले घटाउने ।

(ख) सन् २०३० सम्ममा विपद्बाट विश्वव्यापी रूपमा प्रभावित हुने मानिसको सङ्ख्या

दिगोरूपमा घटाउने । सन् २००५ देखि सन् २०१५ सम्मको अवधिमा विपद्बाट प्रभावित भएका मानिसको तुलनामा सन् २०२० देखि सन् २०३० सम्मको दशकमा वार्षिक औसत १००,००० का दरले घटाउने ।[9]

(ग) सन् २०३० सम्ममा विश्वव्यापी कूल गार्हस्थ उत्पादन (Global Gross Domestic Product - GDP) लाई आधार मानेर विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति न्यून गर्ने;

घ. सन् २०३० सम्ममा उत्थानशीलता विकासको माध्यमबाट महत्वपूर्ण तथा संवेदनशील भौतिक पूर्वाधारमा विपद्बाट हुने नोक्सानी र स्वास्थ्य तथा शैक्षिक सुविधाजस्ता आधारभूत सेवामा हुनसक्ने अबरोधलाई पूर्ण रूपमा घटाउने;

ङ. सन् २०२० सम्ममा राष्ट्रिय तथा स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति भएका मुलुकको सङ्ख्या दिगोरूपमा बढाउने;

च. सन् २०३० सम्म वर्तमान कार्यढाँचाको कार्यान्वयनलाई पूर्णता दिनेगरी विकासोन्मुख मुलुकका लागि दिगो र पर्याप्त अन्तर्राष्ट्रिय सहयोग र साझेदारी अभिवृद्धि गर्ने;

छ. सन् २०३० सम्ममा विपद् जोखिम सूचना तथा लेखाजोखा र बहूप्रकोप पूर्वसूचना प्रणालीको दिगो विकास गरी सबै तहमा सहज रूपमा उपलब्ध गराउने तथा सबै मानिसको पहुँच बढाउने ।

**ग. मार्गदर्शक शिद्धान्त**

१९ सुरक्षित विश्वका लागि योकोहामा रणनीतिका सिद्धान्तका सारभूत तत्वलाई लिइएको छ : प्राकृतिक विपद्को रोकथामका लागि मार्गदर्शन, पूर्वतयारी तथा अल्पीकरण र यसको कार्य योजना[10] र ह्योगो कार्यढाँचा, वर्तमान कार्यढाँचाको कार्यान्वयनलाई निम्न सिद्धान्तले मार्गदर्शन गर्नेछ, जसले राष्ट्रिय अवस्था, सम्बन्धित देशको कानुनी व्यवस्था, अन्तर्राष्ट्रिय जिम्मेवारी र प्रतिबद्धतालाई आत्मसात गर्नेछ :

क. अन्तर्राष्ट्रिय, क्षेत्रीय, उपक्षेत्रीय, अन्तर्देशीय तथा द्वीपक्षीय साझेदारीको माध्यमद्वारा विपद् जोखिम न्यूनीकरण तथा रोकथाम गर्नु प्रत्येक राज्यको पहिलो जिम्मेवारी हुनेछ। विपद् जोखिम न्यूनीकरण हरेक राज्यको साझा सरोकारको विषय हो। खासगरी, विकासोन्मुख मुलुकद्वारा आफ्नो यथार्थ अवस्था तथा क्षमताका आधारमा दिगो अन्तर्राष्ट्रिय साझेदारीको प्रवर्द्धन र व्यवस्थापनमार्फत् विपद् जोखिम न्यूनीकरणका नीतिको विकास, विधिको पहिचान र प्रवर्द्धन गर्दै कार्यान्वयन गर्नसक्ने क्षमतालाई थप सशक्त बनाउन सकिन्छ;

---

9. Categories of affected people will be elaborated in the process for post-Sendai work decided by the Conference.

10. A/CONF.172/9, chap. I, resolution 1, annex I.

ख. विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रको यथार्थ अवस्था वा शासनपद्धति अनुरुप केन्द्रीय सरकारद्वारा राज्यका सम्बन्धित अधिकारीहरू, स्थानीय सरकार, विषयगत क्षेत्र र सरोकारवालाहरूका लागि जिम्मेवारी बाँडफाँड गर्नु नितान्त आवश्यक छ;

ग. विपद्को जोखिम व्यवस्थापनका कार्यले प्रत्येक व्यक्तिको मानवीय अधिकार र विकासको अधिकारको प्रर्बद्धन गर्दै व्यक्ति र उनीहरूको सम्पत्तिको सुरक्षा, स्वास्थ्य, जीविकोपार्जन र उत्पादनशील सम्पत्तिको सुरक्षाका साथै सास्कृतिक र वातावरणीय सम्पत्तिको सुरक्षा गर्ने उद्देश्य लिएको हुनुपर्छ ।

घ. विपद् जोखिम न्यूनीकरणका लागि समग्र समुदायको अर्थपूर्ण सहभागिता र साझेदारी आवश्यक पर्दछ । यसका साथै विपद् जोखिम न्यूनीकरणका कार्यले सामाजिक सशक्तीकरण, समावेशी, सहज पहुँचको सुनिश्चितता र समानुपातिक तथा विभेदरहित सहभागिताको अपेक्षा गर्दछ। यसमा विपद्ले असमान तरिकाले प्रभाव पारेका व्यक्तिलाई विशेषगरी, गरिब र उच्च सङ्कटासन्न समूहलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिन्छ । लिङ्ग, उमेर, अपाङ्गता र विभिन्न सास्कृतिक समूहसमेत सबैलाई योजना तयारी र नियमित अभ्यासमा समावेश गराइनुपर्छ र महिला तथा युवा नेतृत्वको प्रर्वद्धन गर्नुपर्छ । यस सन्दर्भमा सङ्गठित नागरिको समूह वा स्वयंसेकको क्षमता विकास र प्रत्यक्ष संलग्नताका लागि पनि विशेष ध्यान दिनुपर्छ ।

ङ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको सफलता यसभित्र समावेश भएका विभिन्न क्षेत्र, ती क्षेत्रभित्रका अन्तरनिकाय र सबै तहका सम्बन्धित साझेदारबीचको समन्वय प्रणालीमा निर्भर रहन्छ । यसले राष्ट्रिय र स्थानीय दुबै तहमा राज्यका कार्यकारी तथा व्यवस्थापिकासँग सम्बन्धित सबैको पूर्ण सहभागिताको आवश्यकता सुनिश्चित गर्न चाहन्छ र समान पहुँच, साझेदारी, सशक्त भूमिका, जवाफदेहिता र अध्यावधिक गर्ने कार्यलाई सुनिश्चित गर्न शैक्षिक तथा व्यवसायिक गुणवत्ताका साथै सार्वजनिक तथा निजी साझेदारबीचको दायित्व र जिम्मेवारी स्पष्ट पार्छ ।

च. सङ्घीय र प्रादेशिक सरकारले स्थानीय तहका लागि सहजीकरण, मार्गदर्शन र समन्वयकारी भूमिका निर्वाह गर्नु पर्छ भने विपद् जोखिम न्यूनीकरणका सन्दर्भमा स्थानीय सरकारलाई प्रोत्साहन गर्ने, स्रोतको व्यवस्थापनमा सहयोग गर्ने, निर्णय क्षमता बढाउने र जिम्मेवारीबोध गर्न आवश्यक क्षमता अभिवृद्धिका कार्यमा सघाउनुपर्छ ।

छ. विपद् जोखिम न्यूनीकरणका लागि बहूप्रकोपको अवधारणा आवश्यक पर्छ । खुला छलफल तथा ज्ञानको आदान-प्रदानका माध्यमबाट समावेशी जोखिम सूचकअनुरुप निर्णय प्रक्रिया सुनिश्चित गर्नुपर्छ जहाँ लिङ्ग, उमेर, अपाङ्गताजस्ता विस्तृत तथ्याङ्कहरू समावेश गरिएको हुनुपर्छ । त्यसैगरी परम्परागत ज्ञानलाई समपूरकका रूपमा प्रवर्द्धन गर्दै विज्ञानमा आधारित जोखिमसम्बन्धी बृहत्तर सूचनाको पहूँच सबै तह र वर्गमा पुगेको छ भन्ने सुनिश्चित गर्नुपर्छ ।

ज. प्रभावकारी नीतिगत व्यवस्था, अभ्यास तथा विधिको विकास र कार्यान्वयनमा गरिने सुदृढीणकरणले दिगो विकास तथा आर्थिक वृद्धि, खाद्य सुरक्षा, स्वास्थ्य र संरक्षण, जलवायु परिवर्तन तथा त्यसमा भइरहेको उतारचढाव, वातावरणीय व्यवस्थापन तथा विपद् जोखिम न्यूनीकरणका सवाललाई एकीकृत गर्ने उद्देश्य राख्नु जरुरी छ । दिगो विकास लक्ष्य प्राप्तीका लागि विपद् जोखिम न्यूनीकरण अपरिहार्य रहेको छ ।

झ. विपद् जोखिमको दवाव स्थानीय, राष्ट्रिय, क्षेत्रीय वा विश्वव्यापी तहमा हुनसक्ने भए तापनि विपद् जोखिम न्यूनीकरण गर्ने विधि निर्धारण गर्न स्थानीय तहमा रहेको विपद् जन्य जोखिमको विशिष्ट चरित्रलाई बुझ्नु आवश्यक हुन्छ ।

ञ. विपद् जोखिम सूचनाका आधारमा सार्वजनिक तथा निजी लगानी सुनिश्चित गर्नुपर्छ, जसका माध्यमबाट उच्च तहको विपद्जन्य जोखिमका अवयवहरूको सम्बोधन गर्दा विपद्पछि गरिने प्रतिकार्य तथा पुनर्लाभका कार्यमा हुने लगानी न्यून हुन्छ र दिगो विकासमा योगदान पनि दिन्छ ।

ट. विपद्पछिको पुनर्लाभ, पुनःस्थापना र पुनर्निर्माणका चरणमा विपद् जोखिमबारे नागरिकमा सचेतना अभिवृद्धि गरी "पहिलेभन्दा बलियो र राम्रो निर्माण (Build Back Better)" का माध्यमबाट विपद् जोखिम न्यूनीकरण गर्नुपर्छ जुन धेरै जटिल र चुनौतीपूर्ण हुनसक्छ ।

ठ. विपद् जोखिम व्यवस्थापनलाई थप प्रभावकारी बनाउन विकासोन्मुख मुलुकले संस्थागत विकासमा सहयोगको प्रतिवद्धता पूरा गर्नेगरी प्रभावकारी तथा अर्थपूर्ण रूपमा विश्वव्यापी साझेदारी र अन्तर्राष्ट्रिय साझेदारीलाई थप सुदृढीकरण गर्न आवश्यक छ ।

ड. विकासोन्मुख राष्ट्रहरू विशेषगरी, कम विकसित राष्ट्र, साना टापु विकासोन्मुख राज्य, भूपरिवेष्टित विकासोन्मुख राष्ट्र तथा अफ्रिकन मुलुकका साथै मध्यम आय भएका तथा विशेष प्रकारको विपद्जन्य जोखिमको चुनौति सामना गरिरहेका राष्ट्रलाई विकसित राष्ट्र तथा साझेदारबाट उनीहरूले पहिचान गरेअनुसारको पर्याप्त, दिगो तथा समयसीमा भित्रै आर्थिक, प्राविधिक हस्तान्तरण तथा क्षमता वृद्धिजस्ता सहयोगको प्रबन्ध आवश्यक हुन्छ ।

## घ. कार्यका लागि प्रथमिकताहरू

२०. ह्योगो कार्यढाँचाको कार्यान्वयनबाट प्राप्त लाभ, अनुभव र सिकाइलाई आत्मसात गर्दै र प्रस्तुत कार्यढाँचाका अपेक्षित उपलब्धि र लक्ष्य प्राप्तीका लागि विषयगत क्षेत्रअन्तर्गत रहेर स्थानीय सरकार, देश, क्षेत्र र विश्वस्तरमा कार्य गर्नका लागि निम्नअनुसारका चार प्राथमिकता निर्धारण गरिएको छ :

प्राथमिकता १ : विपद् जोखिमबारे बुझाई

प्राथमिकता २ : विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम सुशासन सशक्तिकरण

प्रथामिकता ३ : उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी

प्राथमिकता ४ : प्रभावकारी प्रतिकार्यका लागि सुदृढ पूर्वतयारी र "पहिलेभन्दा बलियो र राम्रो निर्माण" सहितको पुर्नलाभ, पुनःस्थापन र पुनर्निर्माण ।

२१. विपद् जोखिम न्यूनीकरणको अवधारणामा राज्यहरू, क्षेत्रीय र अन्तर्राष्ट्रिय संस्थाहरू र अन्य सम्बन्धित सरोकारवालाहरूले उल्लिखित चारवटा प्राथमिकतालाई आत्मसात गरी सोअनुरुप सूचीबद्ध प्रमुख क्रियाकलापमा ध्यान दिनुपर्छ र उपयुक्त रूपमा कार्यान्वयन गर्न आवश्यक पर्ने क्षमता र दक्षता हासिल गर्नेगरी राष्ट्रिय कानुन र नियममा आवश्यक सुधार गर्नु पर्छ ।

२२. आत्मनिर्भरताका लागि विश्वमा बढ्दै गएको अन्योन्याश्रित सम्बन्धको परिप्रेक्ष्यमा, व्यवस्थित अन्तर्राष्ट्रिय सहयोग, समर्थ अन्तर्राष्ट्रिय वातावरण र आधारभूत कार्यान्वयनलाई प्रोत्साहित गर्न आवश्यक छ र विशेषगरी विकासशील देशहरूको लागि ज्ञान, क्षमता र सबै तहहरूमा विपद् जोखिम न्यूनीकरणका निमित्त उत्प्रेरणाको विकास गर्न योगदान पुऱ्याउन आवश्यक छ ।

**प्राथमिकता १ : विपद् जोखिमबारे बुझाइ**

२३. विपद् जोखिम व्यवस्थापनका लागि नीति र अभ्यासहरू सङ्कटासन्नताका सबै परिमाणका आधारमा रहेर दक्ष बुझाइमा आधारित हुनुपर्छ । त्यसभित्र सङ्कटासन्नताको आकार, क्षमता, व्यक्ति र सम्पत्तिको सम्मुखता, प्रकोपका विशेषता र वातावरणमा आधारित रहेको हुन्छ । यस्ता बुझाइ तथा ज्ञानबाट विपद्पूर्व गरिने जोखिम लेखाजोखा, रोकथाम, विकासमा जोखिम अल्पीकरण र सशक्त पूर्वतयारीका माध्यमबाट विपद्को प्रभावकारी प्रतिकार्यमा उत्कृष्ट कार्यान्वयन गर्न सकिन्छ ।

**राष्ट्रिय र स्थानीय तहहरू**

२४. यसको प्राप्तीका लागि, निम्न कुरा महत्वपूर्ण छन् :

क आवश्यक तर उपयुक्त तथ्याङ्कहरूको सङ्कलन, विश्लेषण, व्यवस्थापन तथा प्रयोगको प्रवर्द्धन गर्न र विभिन्न तहका उपभोक्ताको आवश्यकता अनुरुप प्रयोगकर्ता समक्ष तथ्याङ्कको प्रवाह सुनिश्चित गर्नु;

ख राष्ट्रिय परिस्थितिको सेरोफेरोमा रहेर आवधिक रूपमा विपद् जोखिम, सङ्कटासन्नता, क्षमता, सम्मुखता, प्रकोपका विशेषता र तिनको सामाजिक तथा क्षेत्रगत

जैविक प्रणालीमा पर्नसक्ने प्रभावको लेखाजोखा गर्न आधाररेखा तयारी र सुदिृढीकरणका लागि प्रोत्साहन गर्नु;

ग. कुनै पनि स्थानविशेषको विपद्जन्य जोखिमको अवस्था, त्यस्तो जोखिमको नक्सासहितको सूचना आवधिक रूपमा अध्यावधिक गरी निर्णयकर्ता, सर्वसाधारण नागरिक र विपद् जोखिममा रहेका वा विपद्उन्मुख समुदायमा सहज रूपमा जानकारी दिने र लिने व्यवस्था गरिनुपर्छ । यस्तो सूचना सबैले सहज ढङ्गबाट ग्रहण गर्न र बुझ्नसक्ने उपयुक्त ढाँचा र भौगोलिक सूचना प्रणालीअनुरुप बनाउनु;

घ. विपद्बाट भएको क्षतिको सम्बन्धमा जनताप्रति जवापदेही रहेर व्यवस्थित रूपमा मूल्याङ्कन, अभिलेखीकरण र आदान-प्रदान गर्न आर्थिक, सामाजिक, स्वास्थ्य, शिक्षा, वातावरण र सांस्कृतिक सम्पदामा परेका प्रभाव र उपयुक्त भएसम्म "घटना-विशेष प्रकोप-सम्मुखता" र सङ्कटासन्नता पहिचान गरी प्रवाह गर्नु;

ङ. गैह्रसंवेदनशील प्रकोप सम्मुखता, सङ्कटासन्नता, जोखिम, विपद् र क्षतिको समष्टिकृत स्वतन्त्र सूचना तयारी र उपयुक्त रूपमा सहज पहुँच कायम गर्नु;

च. वस्तुपरक र यथार्थ तथ्याङ्कमा तत्कालै पहुँच कायम गर्न स्वतन्त्र रूपमा प्रयोग गरिने विधि र आन्तरिक सूचना पद्धतिको विकास तथा भौगर्भिक सूचना प्रणालीको प्रयोग र सूचना तथा सञ्चार प्रविधिमा नवप्रवर्द्धनमुखी पद्धतिको विकास गरी सूचना सङ्कलन, विश्लेषण र प्रवाह गर्ने कार्यलाई बढावा दिनु;

छ. विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा अनुभव आदान-प्रदान, विपद्सम्बन्धी सिकाइ, असल अभ्यास र प्रशिक्षणका साथै वर्तमान समयमा प्रयोगमा रहेका प्रशिक्षण विधि, शैक्षिक पद्धति र द्विपक्षीय सिकाइका माध्यमबाट सबै तहका सरकारी अधिकारीहरू, नागरिक समाज, समुदाय र स्वयंसेवकका साथै सम्भव भएसम्म निजी क्षेत्रको क्षमता अभिवृद्धि गर्नु;

ज. विपद् जोखिम व्यवस्थापनमा गरिने निर्णयलाई प्रभावकारी बनाउन वैज्ञानिक, प्राविधिक समूह, सम्बन्धित सरोकारवाला र निर्णयकर्ताबीच विपद् जोखिम व्यवस्थापनका विषयगत क्षेत्र र विज्ञान र नीतिबीचको समामिप्यता तथा सामञ्जश्यता अभिवृद्धि गर्नु;

झ. विपद् जोखिम लेखाजोखा गर्ने क्रममा परम्परागत, रैथाने वा स्थानीय ज्ञान र अभ्यासको संरक्षणको सुनिश्चितता सहित आधुनिक विज्ञान, प्रविधि र ज्ञानको उपयोगद्वारा विशिष्ट विषयगत क्षेत्रको कार्यान्वयन नीति, रणनीति, योजना र कार्यक्रम तयार गरिनुपर्छ । यसमा अन्तर-विषयगत क्षेत्रको अवधारणा, जसले स्थान विशेषसँग मेल खाने विषयवस्तुलाई उत्कृष्टता दिनेछ;

ञ. सबै प्रकारका प्रकोपलाई आधार मानेर विपद्जन्य जोखिम, सङ्कटासन्नता र सम्मुखताको लेखाजोखाका लागि प्राविधिक र वैज्ञानिक ज्ञानबाट लाभ लिँदै मौजुदा ज्ञानसँग सामञ्जश्य गरी विधि र ढाँचाको विकासद्वारा सशक्तिकरण गर्नु;

ट. विपद् जोखिम व्यवस्थापनमा बहू-प्रकोपमा आधारित समाधान दिन सक्षम अनुसन्धानका माध्यमबाट देखिएको खाडल पुर्न, बाधा, परनिर्भरता र सामाजिक, आर्थिक, शैक्षिक र वातावरणीय समस्या समाधानका निमित्त दीर्घकालीन रूपमा प्रविधिको विकासका लागि लगानी प्रवर्द्धन गर्नु;

ठ. औपचारिक तथा अनौपचारिक शिक्षा, सबै तहमा नागरिक शिक्षालगायत सबै क्षेत्रमा विपद् जोखिम न्यूनीकरणसम्बन्धी व्यवसायिक शिक्षा र प्रशिक्षणमा विपद् रोकथाम, अल्पीकरण, पूर्वतयारी, प्रतिकार्य, पुनर्लाभ, पुनःस्थापनासहितको समावेशी विपद् जोखिम ज्ञान अभिवृद्धि गर्नु;

ड. विपद् जोखिम न्यूनीकरणका लागि विभिन्न स्तरका अभियान, सामाजिक सञ्चार र समुदाय परिचालनद्वारा विशेष वर्गका स्रोताको आवश्यकताअनुरुप विपद् जोखिम सूचना र ज्ञानसहित राष्ट्रि रणनीतिको विस्तार, सशक्तिकरण र प्रवर्द्धन गर्नु;

ढ. विपद् जोखिम न्यूनीकरणका सन्दर्भमा व्यक्ति, समुदाय, राष्ट्र र सम्पत्तिमाथि प्रकोपको विशेषताअनुरुप रहेको सङ्कटासन्नता, क्षमता र सम्मुखताका सबै तह र वर्गमा जोखिम न्यूनीकरणका विषयमा अपनाउन सक्ने विधि र प्रक्रिया प्रयोग गरी विपद् जोखिम न्यूनीकरण नीतिको विकास गर्नु;

ण. स्थानीय तहमा विपद् जोखिम सूचना प्रवाह गर्न स्थानीय जनतासँगको सहकार्य प्रवर्द्धन गर्न गैरसरकारी संस्था र समुदायमा आधारित संस्थाको संलग्नता र सहभागिता अभिवृद्धि गर्नु ।

**क्षेत्रीय र विश्वव्यापी तहहरू**

२५. यसको प्राप्तीका लागि, निम्न कुरा महत्वपूर्ण छन् :

क. विपद्बाट भएको नोक्सानको अभिलेखीकरण, उपयुक्त विस्तृत तथ्याङ्क तथा सूचनाका साथै विपद् जोखिम अभिलेख तयारी, लेखाजोखा, मापन, आनुगमन र बहूप्रकोप पूर्वसूचना प्रणालीको विकास र त्यसको सूचना प्रवाह गर्न विज्ञानमा आधारित पद्धति वा विधि र औजारको विकास र प्रवर्द्धन गर्नु;

ख. जलवायु परिवर्तनको अवस्थासहितको बहु-प्रकोप विपद् जोखिम र क्षेत्रीय विपद् जोखिम लेखाजोखा तथा नक्साको विकासका लागि विस्तृत सर्भे गरी त्यसको प्रवर्द्धन गर्नु;

ग. प्रविधि हस्तान्तरणसहितको अन्तर्राष्ट्रिय सहयोगको प्रवर्द्धन, विपद् सम्वेदनशील तथ्याङ्क तथा सूचनाको आदान-प्रदान र उपयोग, उपयुक्त भएसम्म सूचना आदानप्रदान र भौगोलिक र अन्तरिक्षमा आधारित प्रविधि र सम्बन्धित सेवाहरू, स्थानीय र दुर्गम सम्वेदनशील भू तथा जलवायु संरक्षण र शूक्ष्म अनुसन्धान, र सामाजिक सञ्जाल, परम्परागत सञ्चार विधि, विशाल तथ्याङ्क र मोबाइल फोन सञ्जालसहित सञ्चारमाध्यमको उपयोग र क्षमता अभिवृद्धि र प्रवर्द्धन गर्नु; यसबाट उपयुक्त र राष्ट्रिय कानुनले व्यवस्था गरेअनुसार सफलतापूर्वक विपद् जोखिम सूचना आदान-प्रदान का लागि महत्वपूर्ण भूमिका निर्वाह हुनेछ ।

घ. वैज्ञानिक र प्राविधिक समूह, प्राज्ञिक र निजी क्षेत्रसँगको साझेदारी स्थापना, असल अभ्यासलाई अन्तर्राष्ट्रिय तहमा प्रभावकारी रूपमा आदान-प्रदान गर्ने कार्यलाई साझा रूपमा प्रवर्द्धन गर्नु;

ङ. विपद् जोखिम न्यूनीकरणका लागि न्यून-लागतका प्रविधि र त्यसबाट प्राप्त सिकाइ, नीति, योजनाका साथै जोखिम न्यूनीकरणका क्रियाकलाप र स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी विकासका लागि असल अभ्याससँग सम्बन्धित सूचना आदान-प्रदानमा सहयोग अभिवृद्धि गरी प्रयोग गर्न सकिने सरल विधि र प्रक्रियाको विकासमा सहयोग गर्नु;

च. वर्तमान समयमा विश्वव्यापी र क्षेत्रीय तहमा सञ्चालन भइरहेको नागरिक चेतना र सुरक्षित विद्यालय तहका प्रभावकारी अभियान (उदाहरणका लागि, १० लाख सुरक्षित विद्यालय र अस्पतालको पहल "उत्थानशील सहर बनाऔं : मेरो सहर तयार हुँदैछ" अभियान; विपद् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसंघको विपद् जोखिम न्यूनीकरणका लागि सासाकावा पुरस्कार; वार्षिक रूपमा मनाइने अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण दिवस) आदिले विपद् रोकथामको संस्कृतिको विकास; उत्थानशील तथा जिम्मेवार नागरिकको विकास, विपद् जोखिमबारे उत्कृष्ट बुझाइको विकास, साझा सिकाइका लागि सहयोग र अनुभव साटासाट; र सार्वजनिक तथा निजी क्षेत्रका सरोकारवालाहरूलाई यस्ता कार्यमा क्रियाशील र सक्रिय भएर संलग्न हुन प्रोत्साहन गर्ने र स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी तहमा नवप्रवर्तनमुखी कार्य गर्नु;

छ. वर्तमान कार्यढाँचाको कार्यान्वयनका लागि संयुक्त राष्ट्रसंघको विपद् जोखिम न्यूनीकरण वैज्ञानिक तथा प्राविधिक परामर्शदातृ समूहको सहयोगमा सबै क्षेत्र र स्तरमा वैज्ञानिक अनुसन्धान संस्था तथा वर्तमान समयमा कार्यरत रहेका सञ्जालबीच समन्वय स्थापित गरी विपद् जोखिम न्यूनीकरणमा वैज्ञानिक तथा प्राविधिक कार्य र यसको परिचालनमा प्रोत्साहन गर्नु; विपद् जोखिमको स्वरुप तथा प्रकार, यसको कारण र प्रभावमा वैज्ञानिक अनुसन्धान प्रर्वद्धन गर्ने; भौगोलिक सूचना प्रणालीको सर्वोत्तम उपयोग गर्दै जोखिम सूचना प्रवाह गर्ने,

जोखिम लेखाजोखा, विपद् जोखिम प्रारुप तथा तथ्याङ्कको प्रयोगका लागि मापदण्ड तथा विधिमा निर्देशन प्रदान गर्ने, अनुसन्धान तथा प्रविधिका सारतत्व पहिचान गर्ने र विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा प्राथमिकता प्राप्त क्षेत्रको अनुसन्धानका लागि सुझाव तयार गर्ने, निर्णय प्रक्रियामा विज्ञान तथा प्रविधिको प्रयोग र उपलब्धतामा सहयोग र प्रर्वद्धन गर्ने, संयुक्त राष्ट्रसङ्घ अन्तर्राष्ट्रिय विपद् जोखिम न्यूनीकरण सचिवालयद्वारा प्रकासित विपद् जोखिम न्यूनीकरण शब्दावली, २००९ को परिमार्जन गरी अध्यावधिक गर्न योगदान गर्ने, सार्वजनिक नीति तथा सिकाइ प्रर्वद्धन गर्न विपद् पश्चातको पुनरावलोकनलाई अवसरका रूपमा प्रयोग गर्ने र अनुसन्धान प्रवाह गर्ने कार्य सुनिश्चित गर्नु;

ज. उपयुक्त भएसम्म, आपसी छलफलद्वारा सर्वाधिकार सुरक्षित गरिएका र सरकारद्वारा अधिकार दिइएका सामग्रीहरूको उपलब्धता अभिवृद्धि गर्नु र त्यसका लागि प्रोत्साहन गर्नु;

झ. विपद् जोखिम व्यवस्थापनको क्षेत्रमा नवप्रवर्धनमुखी र प्रविधिको विकास, दीर्घकालीन रूपमा बहु-प्रकोपको समस्या समाधान गर्नसक्ने अनुसन्धानका लागि सहयोग र त्यसबाट प्राप्त परिणाममा सबैको पहुँच बढाउन प्रोत्साहित गर्नु ।

**प्राथमिता २ : विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम सुशासन सशक्तीकरण**

२६. विपद् जोखिमको प्रभावकारी र कुशल व्यवस्थापनको लागि राष्ट्रिय, क्षेत्रीय र विश्व स्तरमा विपद् जोखिम न्यूनीकरणको कार्य महत्वपूर्ण रहेको छ । स्पष्ट दृष्टि, योजनाहरू, क्षमता, सहायता र समन्वय साथसाथै सम्बन्धित सरोकारवालाहरूको सहभागिता आवश्यक छ । रोकथाम, अल्पीकरण, पूर्वतयारी, प्रतिकार्य, पुर्नलाभ र पुन:स्थापनाका लागि विपद् जोखिम शुसासनमा क्षमताको विकास गर्नु आवश्यक छ। दिगो विकास र विपद् जोखिम न्यूनीकरण सम्बन्धित उपकरणको प्रयोगका लागि संयन्त्रहरू र संस्थाहरूसँग साझेदारी र सहकार्यको खाँचो रहेको छ ।

**राष्ट्रिय तथा स्थानीय स्तर**

२७. यसको प्राप्तीका लागि, निम्न कुरा महत्वपूर्ण छन् :

क. सबै क्षेत्रमा विपद् जोखिम न्यूनीकरण मूलप्रवाहीकरण तथा एकीकरण गर्न : (१) सर्वसाधारणको स्वामित्व, व्यवस्थापन र सञ्चालन; सेवा र भौतिक पूर्वाधार मा विपद् जोखिम सम्बोधन; (२) व्यक्ति, घरधुरी, समुदाय र व्यापार व्यवसाय सम्बन्धी कार्यका लागि प्रोत्साहन प्रदान र प्रवर्द्धन गर्ने; (३) आर्थिक प्रोत्साहन, चेतना अभिवृद्धि तथा प्रशिक्षण प्रोत्साहन, प्रतिवेदन आवश्यकता र नैतिक तथा व्यवस्थापकीय मापन समावेश गरेको विपद् जोखिम पारदर्शिताका लागि समय

सान्दर्भिक पद्धति तथा अग्रणी पहल प्रवर्द्धन गर्ने ; र (४) समन्वयन तथा संस्थागत संरचनाको विकास र सञ्चालन सही तरिकाले गर्ने;

ख. वर्तमान समयमा देखिएको जोखिमको न्यूनीकरणका माध्यमबाट आर्थिक, सामाजिक, स्वास्थ्य तथा वातावरणीय उत्थानशीलताको विकास गर्ने, नयाँ जोखिम उत्पन्न हुन नदिने लक्ष्यका साथ समय-समयमा क्षेत्रगत रूपमा स्थानीय तहमा समेत विपद् जोखिम न्यूनीकरण रणनीति तथा योजनालाई आत्मसात गरी कार्यान्वयन गर्ने;

ग. स्थानीय तथा राष्ट्रिय तहमा पहिचान गरिएका जोखिमसँग सामना गर्नसक्ने प्राविधिक, आर्थिक र व्यवस्थापकीय विधिबाट विपद् जोखिमको लेखाजोखा र व्यवस्थापन क्षमताको विकास गर्ने;

घ. भू-उपयोग, भवन निर्माण संहिता, वतावरण संरक्षण तथा स्रोत व्यवस्थापन र स्वास्थ्य तथा सुरक्षासम्बन्धी मापदण्डलाई सम्बोधन ऐन र नियममा सुधार वर्तमान समयमा रहेका सुरक्षासम्बन्धी व्यवस्थामा सुधार गर्दै नियमको पालना सुनिश्चित गर्न आवश्यक पद्धति तथा प्रोत्साहनको व्यवस्था गर्ने र विपद् जोखिम व्यवस्थापनमा पर्याप्त ध्यान दिनेगरी त्यस्ता नियमलाई आवश्यकताअनुसार अध्यावधिक गर्ने;

ङ. राष्ट्रिय तथा स्थानीय योजनाको प्रगतिको प्रतिवेदन अध्यावधिक र सार्वजनिक गर्ने, यसका लागि उपयुक्त प्रणालीको विकास र सुदृढीकरण गर्ने र संसद र अन्य सरोकारवाला अधिकारीलाई संलग्न गराउँदै विपद् जोखिम न्यूनीकरणको राष्ट्रिय तथा स्थानीय योजनाको प्रगति विवरणको सार्वजनिक रूपमा विश्लेषण गरी संस्थागत रूपमा तथ्याङ्क राख्न र अध्यावधिक गर्न प्रोत्साहन गर्ने;

च. समयानुकूल कानुनी व्यवस्था र विपद् जोखिम न्यूनीकरण कार्यढाँचामार्फत् विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गर्न निर्णय प्रक्रियामा समुदायका प्रतिनिधिलाई स्पष्ट भूमिका दिने तथा कार्यजिम्मेवारी बाँडफाँड गरी कार्यान्वयनमा सहयोग गर्न सकिनेगरी कानुनको विकासका क्रममा बृहत् र सार्वजनिक रूपमा नागरिकसँग परामर्श लिने;

छ. राष्ट्रिय तथा स्थानीय तहमा सरकारका सरोकारवाला अधिकारीहरू रहेको कार्यमञ्च स्थापना गर्न र तिनको प्रयोगात्मक छलफललाई प्रतिफलमुखी बनाउन विपद् जोखिम न्यूनीकरणका लागि राष्ट्रिय र स्थानीय कार्यमञ्च गठन गर्ने र यसको कार्यान्वयनको लागि प्रत्येक तहमा सम्पर्क व्यक्ति तोक्ने । यस्तो सम्पर्क व्यक्तिको स्पष्ट कार्यविवरण तयार गरी

काममा लगाउने । विपद्को उच्च जोखिममा रहेका बहुसङ्ख्यक व्यक्ति तथा परिवारको पहिचान गर्न, जोखिमसम्बन्धी सूचनाको प्रवाहका माध्यमबाट विपद् जोखिमप्रति शतर्कता विकास गर्न, ज्ञानको विकास, विपद् संवेदनशील जोखिमसम्बन्धी तथ्याङ्कको जानकारी, स्थनीय र राष्ट्रिय तहका जोखिम-प्रतिवेदन, जोखिम न्यूनीकरणमा योगदान र सहयोग गर्न, नागरिक सचेतना अभियान चलाउनका लागि आवश्यक समन्वय गर्न, स्थानीय तहमा परिचालन हुने सहयोगमा योगदान पुऱ्याउन, स्थनीय सरकारको सहयोगमा राष्ट्रिय र स्थानीय विपद् जोखिम व्यवस्थापन योजना र विपद् जोखिम न्यूनीकरणको प्रवर्द्धनका लागि जिम्वेवारीको व्यवस्थापन गर्न स्पष्ट नीतिगत व्यवस्था गर्नु;

ज. स्थानीय तहको विपद् जोखिम व्यवस्थापनमा नागरिक समाज, समुदाय, स्थानीय समुदाय र बसाइसराई गरेर आएका मानिससँग समेत नीतिगत र आर्थिक विषयमा छलफल गरी आपसी समन्वयन तथा सहकार्यका लागि स्थानीय अधिकारीलाई प्रोत्साहन गर्ने;

झ. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका कार्यलाई प्रोत्साहित गर्न प्रतिनिधिसिभा सदस्या वा सांसदहरूलाई बजेट बिनियोजन गर्न र समयानुकूल कानुनी व्यवस्था गर्न आवश्यक परामर्श र सहयोग गर्ने;

ञ. निजी क्षेत्र, नागरिक समाज, व्यवसायिक सङ्गठन, वैज्ञानिक संस्था तथा संयुक्त राष्ट्रसंघको सहभागितामा विपद् जोखिम व्यवस्थापनसम्बन्धी स्तरीय शैक्षिक विकास, सम्मान तथा पुरस्कारको व्यवस्थाका लागि मापदण्ड आदिको विकास र प्रवर्द्धन गर्ने;

ट. राष्ट्रिय नीतिभित्र पर्नेगरी वा नीतिगत सुधारका माध्यमबाट विपद्को जोखिममा रहेका बस्ती, क्षेत्रको सुधार वा बस्ती स्थानान्तरणका लागि आवश्यक कार्य गर्न सहयोग को प्रवर्द्धन गर्ने ।

**विश्व र क्षेत्रीय तहमा**

२८. यसको प्राप्तीका लागि, निम्न कुरा महत्वपूर्ण छन् :

क. साझा तथा सीमारहित विपद्जन्य जोखिमलाई सम्बोधन गर्न अन्तर्देशीय समन्वयद्वारा प्रभावकारी योजना निर्माण, साझा सूचना प्रणालीको स्थापना, असल अभ्यासको आदान प्रदान, क्षमता अभिवृद्धि र सहकार्यका माध्यमबाट जोखिम न्यूनीकरणका कार्यक्रम गर्न वर्तमान कार्यढाँचालाई आत्मसात गर्दै विपद् जोखिम न्यूनीकरणमा सहयोगका लागि क्षेत्रीय स्तरमा

स्वीकृत भएका रणनीति तथा प्रणालीअनुरुप सबै तहमा मार्गदर्न गर्ने;

ख. जलवायु परिवर्तन, जैविक विविधता, दिगो विकास, गरिबी निवारण, वातावरण, कृषि, स्वास्थ्य, खाद्यान्न तथा पोषणजस्ता अन्य सान्दर्भिक विषयका लागि विपद् जोखिम न्यूनीकरणका औजारको नियमति कार्यान्वयनका लागि विश्वव्यापी तथा क्षेत्रीय प्रणाली र संस्थाबीचको साझेदारीलाई थप सुदृढ बनाउने;

ग. विकास तथा जलवायुका विषयमा गरिने साझेदारी र सहकार्यलाई प्रगाढ बनाउन, विपद् जोखिम नीति, कार्यक्रम र लगानीका अभ्यास र ज्ञान आदान प्रदान तथा कार्यान्वयनका प्रक्रियामार्फत् लेखाजोखा गर्न विपद् जोखिम न्यूनीकरणको विश्वव्यापी, क्षेत्रीय तथा उपक्षेत्रीय र विषयगत मञ्चमा सक्रिय संलग्नता जनाउनुका साथै अन्य सान्दर्भिक क्षेत्रमा विपद् जोखिम व्यवस्थापनलाई समायोजन गरी एकीकृत गर्न प्रवर्द्धन गर्ने; यस सन्दर्भमा क्षेत्रीय तहका अन्तरसर कारी संस्थाहरूले क्षेत्रीय मञ्चमा विपद् जोखिम न्यूनीकरणका लागि महत्वपूर्ण भूमिका खेल्न सक्नेछन् ।

घ. महामारी र जोखिमलाई विस्थापन गर्दै विपद् जोखिम न्यूनीकरणबाट उत्थानशील विकासलाई सुनिश्चित गर्न नदी किनार तथा सामुन्द्रिक तटजस्ता क्षेत्रमा उपलब्ध स्रोतलाई ध्यानमा राख्दै जैविक प्रणालीमा आधारित सीमापार आवधारणाबाट विकास योजना तयारी र कार्यान्वयन गर्न आवश्यक नीति निर्माण गर्ने;

ङ. इच्छुक राज्यहरूबीच सूचना, ज्ञान, असल अभ्यास तथा सिकाइ आदान प्रदान गर्नक स्वयंसेवा, स्वइच्छामा आधारित भ्रमण र सिकाई प्रवर्द्धनमा सघाउने;

च. समयानुकूल सूचना तथा तथ्याङ्क, ह्योगो कार्यढाँचाका कार्यान्वयन र अनुगमनबाट प्राप्त  अनुभवलाई आत्मसात गर्दै विपद् जोखिम लेखाजोखाका लागि अन्तर्राष्ट्रिय स्वयंसेवक प्रणाली सुदृढीकरण गर्ने । यस्ता प्रणालीले दिगो सामाजिक तथा आर्थिक विकासका विषयमा सरोकारवाला राष्ट्रका सरकारी इकाइ तथा विकास साझेदारहरूमा विपद् जोखिमसम्बन्धी असंवेदनशील सूचना प्रवाह गर्न प्रवर्द्धन गर्न सक्छन् ।

**प्रथामिकता ३ : उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी**

२९. विपद् जोखिमको रोकथाम र न्यूनीकरणमा सार्वजानिक तथा नीजि लगानी र संरचनात्मक तथा गैह्र-संरचनात्मक उपयोगको माध्यमबाट न्यूनीकरणका लागि आर्थिक, सामाजिक, स्वास्थ्य र व्यक्ति, समुदाय, देश तथा तिनीहरूको सम्पत्ति र वातावरणसहित साँस्कृतिक खुलापन बृद्धि गर्न आवश्यक छ ।

## राष्ट्रिय र स्थानीय स्तर

३०. यसको प्राप्तीका लागि, निम्न कुरा महत्वपूर्ण छन् :

क. सम्बन्धित क्षेत्रमा विपद् जोखिम न्यूनीकरणका लागि नीति, कानुन, नियम र रणनीति, योजना तर्जुमा तथा कार्यान्वयन गर्न व्यवस्थापनका सबै तहमा वित्तीय तथा बन्दोबस्त सहितका आवश्यक स्रोत जुटाउने;

ख. सहरी र ग्रामीण दुबै क्षेत्रका सरकार र समुदायमा विपद्बाट आर्थिक क्षेत्रमा पर्ने असर कम गर्न सार्वजनिक र निजी लगानीका लागि विपद् जोखिम हस्तान्तरण तथा बिमा, जोखिम बाँडफाँड तथा व्यवस्थापन र आर्थिक सुरक्षाका लागि उपयुक्त प्रणालीको विकास गर्ने;

ग. आर्थिक, सामाजिक, भौतिक संरचना, प्राविधिक र वातावरणीय प्रभावले खाजोखाजस्ता विषयलाई ध्यानमा राख्दै सर्वतोमुखी संरचनाको सिद्धान्त तथा निर्माण सामग्रीको मापदण्ड, पुनर्निर्माणको प्रयोग गर्दै र रेखदेखको संस्कृति विकास गर्दै उपयुक्त संरचना निर्माणको माध्यमबाट प्रारम्भदेखि नै विद्यालय, अस्पताल र भौतिक पूर्वाधारजस्ता संवेदनशील सेवाप्रदायक क्षेत्रमा विशेषगरी संरचनात्मक, गैह्र-संरचनात्मक क्षेत्रमा रहेको वा हुने विपद् जोखिमको रोकथाम तथा न्यूनीकरण विधि अपनाएर नागरिक तथा निजी क्षेत्रको लगानीलाई विपद् उत्थानशील विकासमा क्रियाशील गराउने;

घ. ऐतिहासिक, सांस्कृतिक र धार्मिक क्षेत्रको संरक्षण र सुरक्षा सुनिश्चित गर्न सांस्कृतिक र अन्य सम्बन्धित संस्थाहरूलाई एकीकृत रूपमा कार्य गर्न सक्षम बनाउन आवश्यक सहयोग गर्ने;

ङ. संरचनात्मक तथा गैह्रसंरचनात्मक विधिबाट कार्यक्षेत्रको विपद् जोखिम उत्थानशीलता अभिवृद्धि गर्नु;

च. सहरी योजनामा समेत सबै तहमा भूउपयोग नीतिको विकास र कार्यान्वयन, भूअपकर्षको लेखाजोखा र अनौपचारिक र अस्थायी घर निर्माणका क्रममा पनि संहिताको पालना र त्यसका लागि अपेक्षित आवास र वातावरणीय परिवर्तनमा विपद् जोखिम मूलप्रवाहीकरणलाई प्रवर्द्धन गर्नु;

छ. ग्रामीण क्षेत्रको विकासयोजना र व्यवस्थापनको मापन र अन्य विषयसहित पहाड, नदी, समुद्रतटीय बाढी प्रभावित क्षेत्र, सुख्खा जमिन, सिमसार र सुख्खा, बाढी र मानव बस्तीका लागि सुरक्षित छन् भनेर पहिचान भएका क्षेत्रको समेत पारिस्थितिकीय प्रणालीले जोखिम कम गर्न दिने योगदाको समेत सम्बर्द्धन

गर्दै विपद् जोखिम मूलप्रवाहीकरण प्रवर्द्धन गर्ने कार्यलाई सुनिश्चित गर्नेगरी जोखिम लेखाजोखा गर्नु;

ज. मौजुदा भवन निर्माण संहिता र मापदण्डहरूको राष्ट्रिय तथा स्थानीय तहमा हुने पुनःर्निर्माण र पुनःस्थापन अभ्यासका आधारमा सहज र सरल रूपमा प्रयोग हुनसक्ने उद्देश्यसहित पुनरावलोकन वा नयाँ संहिता र मापदण्डको विकास गरेर खासगरी अनौपचारिक र सिमान्तीकृत मानव बस्तीका लागि समेत अनुकूल बनाएर विपद् उत्थानशील संरचनाको विकास र कार्यान्वयनमा विशेष जोड दिनु;

झ. विपद् जोखिम व्यवस्थापनलाई दृष्टिगत गर्दै विशेषगरी स्थानीय तहका प्राथमिक तह, दोस्रो तह र तेस्रो तहको स्वास्थ्य हेरचाह केन्द्रलाई समेत समेटेर राष्ट्रिय स्वास्थ्य प्रणालीमा उत्थाशीलता अभिवृद्धि गर्नु; विपद् जोखिम न्यूनीकरणको अवधारणालाई अङ्गीकार गरी स्वास्थ्यकर्मीको क्षमता विकास गर्ने; विपद्को समयमा गरिने उपचार पद्वतिको प्रशिक्षण तथा क्षमता विकास र प्रवर्द्धन गर्नु, जसका लागि विश्व स्वास्थ्य सङ्गठनको अन्तर्राष्ट्रिय स्वास्थ्य नीति (२००५) को पालना गर्दै अन्य उपयुक्त क्षेत्रहरूसँगको सहयोगमा सामुदायिक स्वास्थ्य समूहलाई विपद् जोखिम न्यूनीकरणको अवधारणा अनुरुप प्रशिक्षणका लागि सहयोग गर्नु;

ञ. समुदायको सक्रिय सहभागितामा समावेशी नीति र सामाजिक सुरक्षा व्यवस्था प्रणालीको प्रारुप तयारी र कार्यान्वयनको सबलीकरण, जीविकोपार्जन सशक्तिकरण कार्यक्रमसँग समायोजन र आधारभूत स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, मातृशिसु र नयाँ जन्मेका बच्चाको स्वास्थ्यसहित प्रजनन र पुनरुत्पादन स्वास्थ्यको व्यवस्था, पोषण र खाद्य सुरक्षाको प्रवद्धन, आवास र शिक्षाको सुनिश्चित गर्दै निरन्तर रूपमा विपद्बाट प्रभावित मानिसलाई सहयोग र विपद्पछिको समस्याको दिगो समाधानका लागि गरिबी न्यूनीकरण गर्दै उनीहरूलाई सशक्त बनाउन सहयोग गर्नु;

ट. दीर्घ रोग भएका र जीवन जोखिममा रहेका व्यक्तिलाई उनीहरूको विशेष आवश्यकता अनुरुप तिनको जीवन सुरक्षासँग सम्बन्धित सेवाको पहुँचका साथै विपद् अघि, विपद्का बेला र विपद्पछिको जोखिम व्यवस्था गर्न योजना र नीति निर्माणमा यस्ता रोग भएका मानिसलाई समेत सहभागी गराई आवश्यकताको सम्बोधन गर्नु;

ठ. मुलुकको कानुन र नीतिगत व्यवस्था अनुरुप मानवीय गतिविधिबाट उत्पन्न हुनसक्ने विपद् जोखिम न्यूनीकरणका लागि समुदायको उत्थानशीलता सुदृढीकरण गर्ने कार्यक्रमका लागि सबै तहमा प्रोत्साहन अभिवृद्धि गर्नु;

ड. विपद् जोखिम न्यूनीकरण विधि र ध्यान दिनु पर्ने विषयहरू एकीकृत गर्न आर्थिक र वित्तीय औजारको प्रर्वद्धन गर्नु;

ढ. परिस्थितिकीय प्रणालीको दिगो उपयोग तथा व्यवस्थापन र वातावरण तथा प्राकृतिक स्रोतको एकीकृत प्रयोग र व्यवस्थापनको अवधारणाबाट विपद् जोखिम न्यूनीकरणलाई सुदृढ बनाउनु;

ण. आपूर्ति श्रृङ्खलाका सबै चरणमा उत्पादनशील सामग्री र सेवाको निरन्तरताका माध्यमबाट व्यवसायिक उत्थानशीलताको विकास र जीविकोपार्जनको उत्थानशील संरक्षण गर्दै व्यवसामा नमुना अभ्यासको प्रयोगद्वारा व्यावसाय निरन्तरताका लागि व्यावसाय निरन्तरता सुदृढ बनाउनु;

त. घरपालुवा जनावर, काम गर्ने जनावर, औजार र बीऊबिजनसहित उत्पादनशील सामग्री र जीविकोपार्जनका साधनको सुरक्षा सुदृढ बनाउनु;

थ. पर्यटन व्यवसायलाई आर्थिक विकासको महत्वपूर्ण पक्षका रूपमा लिँदै पर्यटन व्यवसायका हरेक पक्षमा विपद् जोखिम व्यवस्थापनको अवधारणा एकीकृत तथा प्रर्वद्धन गर्नु ।

**विश्व र क्षेत्रीय तह**

३१. यसको प्राप्तीका लागि निम्न कुरा महत्वपूर्ण छन् :

क. दिगो विकास र विपद् जोखिम न्यूनीकरणसँग सम्बन्धित संस्था, तिनका नीति, योजना, कार्यक्रम तथा प्रक्रिया, प्रणाली र क्षेत्रमा जोखिम संवेदनशील नीतिको विकास गर्नु;

ख. अन्तर्राष्ट्रिय समुदाय, व्यवसाय, अन्तर्राष्ट्रिय आर्थिक संस्था र अन्य सान्दर्भिक सरोकारवालाबीच निकट समन्वय र सहकार्यमा विपद् जोखिम हस्तान्तरण र जोखिम बाँडफाँड पद्धति तथा त्यसका लागि उपयोग भइरहेको विधि र औजारलाई सुदृढ बनाई सोअनुरुप विकास प्रर्वद्धन गर्नु;

ग. विपद् जोखिम न्यूनीकरणको सन्दर्भमा विकासोन्मुख राष्ट्र र तिनका विशेष चुनौतीको सामना गर्ने क्षमताको विकासका लागि प्रभावकारी शिक्षा, वैज्ञानिक अनुसन्धानका लागि उपयुक्त संरचनाको विकास र निजी क्षेत्रसँगको सहकार्यलाई सबल बनाउने वातावरण तयार गर्न सहयोगको प्रवर्द्धन गर्ने;

घ. विपद्बाट पर्ने आर्थिक र सामाजिक प्रभावको लेखाजोखा तथा आँकलन गर्ने उद्देश्य पूर्तिका लागि विश्वव्यापी तथा क्षेत्रीय वित्तीय संस्थाबीच समन्वयन गर्ने;

ङ. स्वास्थ्य प्रणाली निर्माण उत्थानशीलता अभिवृद्धि, अन्तर्राष्ट्रिय स्वास्थ्य नीति (२००५) को कार्यान्वयन र स्वास्थ्यका लागि विपद् जोखिम व्यवस्थापनमा मुलुकको क्षमता सुदृढ बनाउन स्वास्थ्य अधिकारी र अन्य साझेदारबीच सहयोगी हुने वातावरणको प्रर्वद्धन गर्ने;

च. घरपालुवा जनावर, काम गर्ने जनावर, औजार र बिउःबिजनसहितका उत्पादनशील सामग्रीको सुरक्षाका लागि क्षमता अभिवृद्धि र सहकार्य प्रर्वद्धन र सुदृढीकरण गर्नु;

छ. घरघुरी र समुदाय स्तरमा हुने डर वा विपद्जन्य आघातमा उत्थानशीलता सुनिश्चित गर्न जीविकोपार्जन प्रर्वद्धन कार्यक्रमसँग आवद्ध र एकीकृत भएको विपद् जोखिम न्यूनीकरण विधि, सामाजिक सुरक्षा सञ्जालको विकासमा सहयोग प्रर्वद्धन गर्नु;

ज. विपद् जोखिम न्यूनीकरणका माध्यमबाट भोकमरी र गरिबी निवारण गर्ने उद्देश्यका साथ अन्तर्राष्ट्रिय प्रयासलाई विस्तार र सुदृढ गर्नु;

झ. विपद्मा व्यवसायको उत्थानशीलता सुनिश्चित गर्न नागरिक तथा निजी सरोकारवालाबीच यथासम्भव उपयुक्त साझेदारीको विकास र सहयोग प्रवर्द्धन गर्नु ।

**प्राथमिकता ४ : प्रभावकारी प्रतिकार्यका लागि सुदृढ पूर्वतयारी र "पहिलेभन्दा बलियो र राम्रो निर्माण" सहितको पुर्नलाभ, पुनःस्थापन र पुनर्निर्माण ।**

३२. विपद् जोखिमको स्तर वृद्धि, व्यक्ति र सम्पत्तिमाथिको जोखिमको वृद्धिसहित, विगतका विपद्हरूबाट भएका सिकाइद्वारा प्रतिकार्यका लागि विपद् पूर्वतयारीलाई अझ प्रभावकारी र बलियो बनाउन आवश्यक छ, अप्रत्यासित विपद्जन्य घटनाको व्यवस्थापन र प्रतिकार्यमा गर्नु पर्ने कार्यलाई प्रभावकारी बनाउन, विपद्जन्य जोखिमलाई कम गर्न एकीकृत रूपमा काम गर्नु आवश्यक पर्दछ । सबै प्रकारको विपद्मा प्रतिकार्यका लागि पूर्वतयारी, प्रभावकारी प्रतिकार्य र पुर्नलाभका लागि आवश्यक क्षमता सुनिश्चित गरिनुपर्छ । महिलाहरू र अपाङ्गता भएका व्यक्तिलाई सक्षम तुल्याउन, सार्वजानिक रूपले नेतृत्व गर्नसक्ने गरी लैङगिक समानता बढाउन र सहज पहुँचयोग्य प्रतिकार्य, पुनर्लाभ, पुनर्निर्माण र पुनःस्थापन उत्थानशीलता विकासको लागि महत्वपूर्ण हुन्छ । देखिएका विपद्, जसबाट भएको क्षतिको लागि पुनर्लाभ, पुनःस्थापन र पुनर्निर्माण कार्यलाई चरणबद्ध रूपमा अगाडि बढाउन आवश्यक हुन्छ र यसका लागि भरपर्दो पूर्वतयारी आवश्यक हुन्छ । एकीकृत विपद् जोखिम न्यूनीकरण मार्फत् विकासका उपलब्धिको मापन गर्न, विपद् उत्थानशील समुदाय र राष्ट्र बनाउन "**पहिलेभन्दा बलियो र राम्रो निर्माण**" एक महत्वपूर्ण अवसर

हुनसक्छ ।

## राष्ट्रिय तथा स्थानीय तह

३३. यसको प्राप्तीका लागि, निम्न कुरा महत्वपूर्ण छन् :

क. सबै क्षेत्रका सरोकारवालाको सहभागितालाई सुनिश्चित गर्न आवश्यक सहजीकरण गर्दै जलवायु परिवर्तनका विविध पक्षलाई ध्यानमा राखेर उपयुक्त संस्थाको संलग्नतामा विपद् पूर्वतयारी तथा आपत्कालीन योजना, नीति र कार्यक्रम निरन्तर रूपमा अध्यावधिक, पुनरावलोकान गर्ने वा तयार गर्ने;

ख. मानव-केन्द्रित बहु-प्रकोप, बहुक्षेत्रीय पूर्वानुमान तथा पूर्वसूचना प्रणाली, विपद् जोखिम तथा आपत्कालीन सञ्चार पद्धति, सामाजिक प्रविधि तथा प्रकोप संवेदनशील दूरसञ्चार प्रणालीको सुदृढीकरण, व्यवस्थापन र विकास गर्न लगानी गर्ने, जसको विकास सहभागितामूलक प्रक्रियाबाट विशेषगरी, लैङ्गिक वा समावेशी अवधारणालाई आत्मसात गरी प्रयोगकर्ताको सामाजिक र सांस्कृतिक आवश्यकतालाई अनुकूल बनाउने, साधारण तथा कम मूल्यका पूर्वसूचना प्रणालीका उपकरण तथा सुविधाको प्रयोगलाई प्रर्वद्धन गर्ने र विपद् पूर्वसूचना प्रणाली सञ्जाल विस्तार गर्ने;

ग. जीवन-रक्षा र आधारभूत सेवा प्रदान गर्न पानी, यातायात र सञ्चार, शिक्षा सुविधा, अस्पताल र अन्य स्वास्थ्य सुविधासहितका मौजुदा सेवालाई प्रभावकारी बनाउने र नवनिर्मित पूर्वाधारलाई सुरक्षित, प्रभावकारी र विपद् पहिले र पश्चात क्रियाशील रहने सुनिश्चित गरी तिनको उत्थानशीलता अभिवृद्धि गर्ने;

घ. सचेतना अभिवृद्धिका लागि सामुदायिक सचेतना केन्द्र स्थापना गर्ने र उद्धार तथा राहतको प्रभावकारी कार्यान्वयन गर्न आवश्यक सामग्रीको बन्दोवस्त गर्ने;

ङ. विपद्पछिको आपत्कालीन मानवीय सहायता वा राहत व्यवस्थापन र त्यसको लागि योजना तयारी र पुनर्लाभ तथा पुनर्निर्माणको कार्यका लागि सार्वजनिक वा निजामति सेवामा कार्यरत कायकर्ताको सहयोग सुनिश्चित गर्न समन्वय र लगानी प्रद्धतिको स्थापना वा सुदृढीकरण गर्नसक्ने कानुनी व्यवस्था र कार्यप्रणाली अवलम्बन गर्ने;

च. मौजुदा कार्यदल र स्वंयमसेवकलाई विपद् प्रतिकार्यसम्बन्धी प्रशिक्षण दिने र आपत्कालीन समयमा उत्कृष्ट प्रतिकार्य गर्नसक्ने सुनिश्चितता सहित प्राविधिक तथा व्यवस्थापकीय क्षमता सुदृढ बनाउने;

छ. विपद्पछिका चरणमा आधारभूत सेवाको प्रबन्ध र समाजिक तथा आर्थिक पुनर्लाभसहितका योजना निर्माण र तिनको निरन्तर कार्यान्वयन सुनिश्चित गर्ने;

ज. विपद्बाट प्रभावितका लागि शीघ्र प्रतिकार्य गर्नसक्ने सुनिश्चिततासहित स्थानीय आवश्यकता अनुरुप उपयुक्त खाद्यान्न र गैरखाद्य सामग्री तथा विपद्बाट विस्थापितका लागि सुरक्षित अस्थायी आवाशको सहज उपलब्धता कायम  गर्न सुनिश्चित गर्ने र विपद् प्रतिकार्यसहित पुनर्लाभलाई प्रभावकारी बनाउन तथा प्रभावित स्थान समेत खाली गराउने विपद् प्रतिकार्य तथा पुनर्लाभ कृत्रिम नमुना अभ्यासका माध्यमबाट नियमित रूपमा विपद् पूर्वतयारीका कार्य गर्ने र यसको प्रवर्द्धन गर्ने;

झ. राष्ट्रिय अधिकारीको समन्वयनमा विपद्पछि गरिने जटिल र उच्च लागतको पुनःस्थापनलाई प्रभावकारी र चुस्त बनाउने सन्दर्भमा प्रभावित समुदाय र व्यवसायलाई समावेश गर्दै विभिन्न संस्था, सम्बन्धित सबै अधिकारी र सबै तहका सम्बन्धित सरोकारवालाबीच आपसी समझदारी अभिवृद्धि गर्ने

ञ. राहत व्यवस्थापन,  पुनःस्थापना र  विकासबीचको सम्बन्धलाई सहजीकरण गर्न, भू-उपयोग योजना निर्माण, संरचनात्मक मापदण्डमा सुधार तथा दक्षता, ज्ञान, विपद् पछिका सिकाइका आधारमा अल्पकालीन, मध्यकालीन र दीर्घकालीन रूपमा विपद् जोखिम न्यूनीकरण गर्न क्षमता विकास गर्ने, पुनर्लाभको चरणमा आएका अवसरको फाइदा लिने, विपद्पछिको चरणमा गरिने विपद् पुनर्लाभ, पुनःस्थापन र पुनर्निर्माणका सम्वन्धमा विपद् जोखिम व्यवस्थापनको प्रक्रियालाई समावेशी बनाउने कार्यको प्रर्वद्धन गर्ने र प्रभावित क्षेत्रमा विपद् पश्चातका अस्थायी बसोबासलगायत पुनर्निर्माणलाई आर्थिक तथा सामाजिक रूपले दिगो विकासका विधि र प्रक्रियामा समयोजन गर्ने मा एकीकरण गर्ने;

ट. ह्योगो कार्यढाँचाको अनुशरण र ज्ञान, अनुभव तथा सिकाइ आदान प्रदान गर्न सुरु गरेको समयदेखिको पुनर्निर्माण र पुनर्लाभ कार्यक्रमबाट प्राप्त भएका सिकाइलाई समावेश गर्दै भूउपयोग योजना निर्माण र संरचनात्मक मापदण्डमा सुधारगर्दै विपद् पुनर्निर्माणका कार्यलाई समेत उत्कृष्ट बनाउन विपद् पूर्वतयारीलाई प्रभावकारी बनाउने;

ठ. सरोकारवाला मानिसको समन्वयनमा सम्भव भएसम्म विपद् पश्चातका पुनर्निर्माणका चरणमा सार्वजनिक सुविधा तथा पूर्वाधारलाई जोखिम क्षेत्रभन्दा बाहिर स्थानान्तरण गर्न ध्यान दिने;

ड. विपद् सम्भावित क्षेत्रमा रहेका मानिसलाई सुरक्षित क्षेत्रमा स्थानान्तरण गर्नका लागि स्थानीय अधिकारी र सरकारको क्षमता सुदृढ बनाउने;

ढ. रोग तथा मृत्युदर रोकथाम र सुधार गर्न विपद्‌बाट मृत्यु भएपछि मृत्यु दर्ता गर्ने र तथ्याङ्क राख्ने प्रणालीको स्थापना तथा प्रवर्द्धन गर्ने;

ण. विपद्‌पछि मनोसामाजिक सेवा वा सहयोग आवश्यक पर्ने सबै मानिसलाई मनोसामाजिक सहयोग तथा मानसिक स्वास्थ्य सेवा प्रदान गर्न पुनर्लाभ योजनालाई चुस्त बनाउने;

त. प्राथमिक पुनर्लाभ सहयोग तथा अन्तर्राष्ट्रिय विपद् राहत व्यवस्थापन नीति वा मापदण्ड सम्बन्धमा सहजीकरणका लागि अन्तर्राष्ट्रिय समन्वयनमा राष्ट्रिय कानुन तथा विधि वा प्रक्रिया पुनरावलोकन तथा सुदृढीकरण गर्ने ।

## विश्व र क्षेत्रीय तहमा

३४. यसको प्राप्तीका लागि, निम्न कुरा महत्वपूर्ण छन् :

क. विपद्‌को सामना गर्ने राष्ट्रिय क्षमताभन्दा ठूलो विपद् भएको अवस्थामा प्रभावकारी तथा विपद् प्रतिकार्यलाई शीघ्रता दिने सुनिश्चित गर्न तथा तयारी अवस्थामा रहन समन्वयात्मक क्षेत्रीय दृष्टिकोण तथा सञ्चालन प्रणाली विकास तथा सुदृढीकरण गर्ने;

ख. विपद् प्रतिकार्यलाई समन्वयात्मक बनाउन उत्कृष्ट पूर्वतयारीका लागि आवश्यक सहयोग गर्नेगरी ऐन, नियम, मापदण्ड, कार्यसञ्चालन विधि र अन्य आवश्यक निर्देशिकाजस्ता नीतिगत औजार वा संयन्त्रको थप विकास तथा प्रर्वद्धन गर्नका लागि नीतिगत अभ्यास तथा विपद् पश्चातको पुनर्निर्माण कार्यक्रमबाट प्राप्त सिकाइ तथा असल अभ्यासमा आधारित हुने;

ग. राष्ट्रिय अवस्थासँग मेल खानेगरी उपयुक्त ठहरिएसम्म जलवायु सेवाका लागि विश्व कार्यढाँचाको आधारमा क्षेत्रीय बहूप्रकोप पूर्वसूचना प्रणालीको विकासका लागि लगानी प्रवर्द्धन गर्न मुलुकहरूबीच अनुभव र सूचना आदान-प्रदान गर्न आवश्यक सकजीकरण गर्ने;

घ. विभिन्न मुलुक र सरोकारवालाबीच अनुभव तथा सिकाइ आदान प्रदान गर्न अन्तर्राष्ट्रिय पुनर्लाभ मञ्चजस्ता अन्तर्राष्ट्रिय पद्धतिमा सहभागी हुने सहज वातावरण बनाउने;

ङ. सचेतना जगाउन र जलजन्य विपद् जोखिम र समुदायमा तिनको प्रभावबारेको बुझाइमा सुधार गरी जल तथा मौसमका विषयमा विश्वव्यापी पद्धति सुदृढीकरण तथा कार्यान्वयन गर्न संयुक्त राष्ट्रसंघका इकाइहरूका प्रयासलाई सहयोग गर्ने र

राज्यको अनुरोधमा विपद् जोखिम न्यूनीकरण रणनीतिको प्रवर्द्धन गर्ने;

च. विपद् प्रतिकार्यका लागि द्विपक्षीय तथा पक्षीय तहको साझा रूपमा गरिने कृत्रिम अभ्यासका माध्यमबाट विपद् पूर्वतयारीलाई प्रवर्द्धन गर्न क्षेत्रीय सहयोग तथा साझेदारीलाई सहयोग गर्ने;

छ. प्रतिकार्य क्षमता तथा स्रोतको आदान प्रदानमा सहजीकरण गर्न विपद्को समयमा तथा विपद् पश्चातको अभिलेखलाई क्षेत्रीय तहमा प्रवर्द्धन गर्ने;

ज. वर्तमान समयमा रहेका विपद् कार्यदल तथा स्वयंसेवकलाई विपद् प्रतिकार्यका लागि क्षमता अभिवृद्धि प्रशिक्षण दिने ।

## सरोकारवालाहरूको भूमिका

३५. विपद् जोखिम घटाउने राज्यको जिम्मेवारी भए पनि यो सरकार तथा सम्बन्धित साझेदारबीचको पनि जिम्मेवारी हो । गैरराज्य साझेदारले राष्ट्रिय नीति, कानुन तथा नियमअनुरुपको स्थानीय, राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी तहमा वर्तमान कार्यढाँचाको कार्यान्वयनमा दक्षतापूर्वक राज्यलाई सहयोग गर्न प्रमुख भूमिका खेल्न सक्छन् । यस सन्दर्भमा उनीहरूको प्रतिबद्धता, आशावादी भूमिका, ज्ञान, अनुभव तथा स्रोतको आवश्यकता पर्दछ ।

३६. साझेदारका लागि विषेश भूमिका तथा जिम्मेवारी निर्धारित गर्ने क्रमसँगै वर्तमान समय सान्दर्भिक अन्तर्राष्ट्रिय मान्यताप्राप्त संरचना निर्माण गर्न राज्यले सार्वजनिक तथा निजी साझेदार वा सरोकारवालाहरूलाई निम्न कार्यका लागि प्रोत्साहन गर्नु पर्ने हुन्छ :

क. नागरिक समाज, स्वंयसेवक, स्थापित स्वंयसेवी संस्था र सामुदायमा आधारित संस्थाहरूले सार्वजनिक सस्थाको साझेदारीमा विपद् जोखिम न्यूनीकरणको कार्यढाँचा, मापदण्ड तथा योजनाको विकास तथा कार्यान्वयनमा विशेष ज्ञान तथा व्यवहारिक निर्देशनमा सहभागी हुने, स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्वव्यापी योजना तथा रणनीतिको कार्यान्वयनमा संलग्न हुने, रोकथामको संस्कृति तथा विपद् जोखिम न्यूनीकरणसम्बन्धी शिक्षामा नागरिक सचेतनाका लागि सहयोग तथा योगदान दिने र उपयुक्त तरिकाले विभिन्न समूहमा साझेदारी सुदृढीकरण गर्ने; उत्थानशील, समावेशी तथा विपद् जोखिम व्यवस्थापनका लागि पैरवी गर्ने । यस सन्दर्भमा निम्न कुरामाथि ध्यान दिनुपर्छ :

१. विपद् जोखिम व्यवस्थापनका लागि उत्कृष्ट डिजाइन, स्रोतको उपलब्धतासहित लैङ्गिक वा संवेदनशील विपद् जोखिम न्यूनीकरण योजना, नीति तथा कार्यक्रमको कार्यान्वयनमा महिला तथा उनीहरूको

सहभागिता महत्वपूर्ण हुन्छ । पूर्वतयारीका साथै विपद्पछिको अवस्थामा जीविकोपार्जनलाई सहज बनाउने वैकल्पिक विधि सुनिश्चित गर्ने कार्यमा उनीहरूको क्षमता बढाउन र महिलाको सशक्तिकरणका लागि पर्याप्त रूपमा क्षमता वृद्धिका विधि अपनाउनु पर्छ ।

२. बालबालिका तथा युवा परिवर्तनका सम्बाहक हुन् । राष्ट्रिय अभ्यास र शैक्षिक पाठ्यक्रमको अनुशरण गर्दै उनीहरूलाई विपद् जोखिम न्यूनीकरणमा योगदान दिने व्यवस्थापकीय सीप, स्थान उपलब्ध गराउनु पर्छ ।

३. विपद् जोखिम न्यूनीकरणको विश्वव्यापी मापनको सिद्धान्तलाई दृष्टिगत गर्दै विपद् जोखिम तथा लेखाजोखा र कार्यक्रम तयारी तथा कार्यान्वयन योजना बनाउने क्रममा अपाङ्गता भएका व्यक्ति र उनीहरूको सङ्गठनको सहभागितालाई सुनिश्चित गरिनुपर्छ ।

४. ज्येष्ठ नागरिकसँग वर्षौदेखिको ज्ञान, सीप तथा प्रविधि हुन्छ जुन विपद् जोखिम न्यूनीकरण गर्ने कार्यका लागि महत्वपूर्ण सम्पत्ति हुनसक्छन्। त्यसैले नीति निर्माण, पूर्वसूचना प्रणालीको विकास, योजना तर्जुमा र कार्यान्वयन प्रक्रियामा उनीहरूलाई समावेश गर्नु आवश्यक छ ।

५. स्थानीय व्यक्तिले आफ्नो पारम्पारिक ज्ञान र अनुभवका माध्यमले पूर्वसूचना प्रणाली लगायत र योजना तर्जुमा र कार्यान्वयनमा महत्वपूर्ण योगदान दिन्छन् ।

६. बसाईं सरेर आएका व्यक्तिले समुदाय र समाजको उत्थानशीलतामा योगदान दिन्छन् । विपद् जोखिम न्यूनीकरण कार्यान्वयन र डिजाइन गर्न उनीहरूको ज्ञान, सीप र क्षमता धेरै उपयोगी हुन्छ ।

ख. प्राज्ञिक प्रतिष्ठान, वैज्ञानिक तथा अनुसन्धान संस्था वा इकाई र सञ्जालहरूलाई मध्यकालीन तथा दीर्घकालीन रूपमा विपद् जोखिमसहित विपद् जोखिमका तत्व तथा क्षेत्रमा ध्यान दिन, क्षेत्रगत, राष्ट्रिय तथा स्थानीय तहमा अगाडि बढ्न स्थानीय समुदाय र राज्यका आधिकारीबाट सहयोग गरी निर्यण निर्णय प्रक्रियामा रहेको अध्ययान-अनुसन्धानबीचको दूरी कम गर्न सहयोग गर्नु आवश्यक छ ।

ग. व्यवसायिक प्रतिष्ठानहरू, वित्तीय संस्थाहरू र अभिलेखालय तथा विपद् जोखिम व्यवस्थापनमा उन्मुख नियकायहरूसहित निजी क्षेत्रका वित्तीय संस्थाहरू, व्यवसायिक सङ्घसंस्थाहरू, विशेषगरी साना र मझौला आकारका उद्योगमा विपद् जोखिम सूचनाको प्रबर्द्धन गर्न लगानी वृद्धि गर्नु आवश्यक

छ। व्यवसायको ढाँचा र कार्यविधिसहित विपद् जोखिम व्यवस्थापनलाई एकीकृत गर्न, आफ्ना कर्मचारी र ग्राहकहरूको लागि जागरुकता बढाउन र प्रशिक्षणमा सहभागी गराउन, अनुसन्धान र नवप्रवर्तनमुखी विपद् जोखिम न्यूनीकरण विधिको विकासको प्रयासमा सर्मथन र सहयोग गर्न, साझेदारी ज्ञान र गैरसंवेदनशील तथ्याङ्क वितरण गर्न, सार्वजानिक क्षेत्रको निर्देशनमा सक्रिय रूपमा सहभागी हुन र सामान्य ढाँचा र प्राविधिक मापदण्डहरू विकास गर्ने क्रममा विपद् जोखिम व्यवस्थापनलाई समावेश गर्नु जरुरी हुन्छ।

घ. स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्व स्तरमा सक्रिय र समावेशी भूमिका लिने आमसञ्चारले सार्वजानकि जागरुकता बढाउने र सटिक र गैर-संवेदनशील विपद् जोखिम, खतरा र विपद् जनाकारी, स्थानीय विपद्हरू, सामान्य तर पारदर्शी, सजिलो, बुझ्न र पहुँच सुनिश्चित हुने तरिकाको प्रबर्द्धन गर्न राष्ट्रिय अधिकारीहरूको सहयोग र सामीप्यमा विपद् जोखिम न्यूनीकरण सञ्चार प्रणालीको विकास गर्न, उपयुक्त रूपमा पूर्वसूचना प्रणाली र सुरक्षात्मक उपायहरूको प्रबर्द्धनमा सहयोग र राष्ट्रिय पद्धतिअनुसार निरन्तर सार्वजानिक शिक्षा अभियान र समुदायका सक्रिय सहभागितामा सार्वजानिक पर ामर्श, गर्दै विपद् जोखिम रोकथामको संस्कृतिलाई प्रात्साहन दिनुपर्छ।

३७. संयुक्त राष्ट्र संघको साधारण सभाको निर्णय नं. ६८/२११ डिसेम्बर २०१३, सम्बन्धित सरोकारावालाहरूद्वारा गरिएका प्रतिवद्धताअनुरुप सहयोगको क्षेत्र पहिचान गर्न र वर्तमान ढाँचा लागू गर्ने सन्दर्भमा महत्वपूर्ण छ। ती प्रतिवद्धताहरू स्थानीय, राष्ट्रिय, क्षेत्रीय र विश्व्यापी तहमा साझेदारीको विकास र स्थनीय र राष्ट्रिय विपद् जोखिम कम गर्ने रणनीति र योजनाहरूको कार्यान्वयनका लागि सबैको समर्थन जुटाउन समयसीमा निर्धारित गरिनु पर्दछ। सबै सरोकारवालाहरूलाई उनीहरूको प्रतिवद्धता अनुरुप वर्तमान कार्य ढाँचाको कार्यान्वयनमा सहयोग परिचालन गर्न र राष्ट्रिय र स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाहरूको कार्यान्वयनका लागि अवश्यक पर्ने सामग्रीको प्राप्ती र प्रचारका लागि संयुक्त राष्ट्र संघीय कार्यालयको वेवसाइट उपयोग गर्न प्रोतसाहित गरिन्छ।

## अन्तर्राष्ट्रिय सहकार्य र साझेदारी

### सामान्य दृष्टिकोण

३८. विपद् जोखिम न्यूनीकरणका लागि विकासोन्मुख मुलुकको फरक-फरक क्षमताभित्र तिनीहरूलाई प्रदान गरिने सहयोगको स्तरबीचको सम्बन्धलाई सुदृढ बनाउन थप सहयोग आवश्यक पर्दछ। वर्तमान कार्यढाँचाको कार्यान्वयन गरी विपद् जोखिम न्यूनीकरणको प्रयासलाई बलियो बनाउन विकासोन्मुख मुलुकको क्षमता वृद्धि गर्न विस्तारित प्रावधानहरूको खाँचो पर्दछ जसका लागि उपयुक्त र पर्याप्त स्थायी, स्रोतका साथै नियमित अन्तर्राष्ट्रिय सहयोग र विश्वव्यापी साझेदारी आवश्यक पर्दछ।

३९. विपद् जोखिम न्यूनीकरणका लागि  अन्तर्राष्ट्रिय सहयोगले विविध प्रकारका स्रोतहरू परिचलान गर्न सक्छ । यसका लागि विकासशील देशहरूको प्रयासमा समर्थन र सहयोग गर्नु महत्वपूर्ण कार्य हुन्छ ।

४०. देशहरूका बीचमा रहेको आर्थिक तथा प्राविधिक असमानता र अनुसन्धान क्षमताको सम्बोधन गर्दा प्रविधिको हस्तान्तरण बढाउनु अति आवश्यक छ । क्षमता विकासको  प्रक्रिया र विकास तथा त्यसका लागि चाहिने ज्ञान, अवधारणा र सीपको प्रवाह गरी विकसित प्रविधिलाई वर्तमान कार्यढाँचाको कार्यान्वयनमा समावेश गर्न सकिन्छ ।

४१. विपद् उन्मुख विकासशील देशहरू, विशेषगरी कम विकसित देशहरू, विकासशील साना टापु राज्यहरू, भूपरिवेष्ठित देशहरू र अफ्रिकी देशहरूका साथै विशष चुनौतिको सामना गर्न मध्यम आयभएका देशहरूको उच्च जोखिम र जोखिमको स्तरमा विशेष ध्यान दिनु जरुरी छ । त्यस्ता मुलुकमा विपद् प्रतिकार्य कठिन हुने र पुनर्लाभको क्षमता न्यून रहेको हुनाले अन्तर्राष्ट्रिय सहयोगलाई तत्कालै बलियो बनाउन र क्षेत्रीय र अन्तर्राष्ट्रिय स्तरमा वास्तविक र दिगो साझेदारी  सुनिश्चित गर्न जरुरी छ । विशेषगरी, विकासशील देशलाई उनीहरूको राष्ट्रिय  प्राथमिकता र आवश्यकता अनुसार नीतिगत व्यवस्था, योजना तर्जुमा र कार्यान्वयमा सघाउन आवश्यक छ ।

४२. विशेषगरी, न्यून आय र उच्च सङ्कटासन्नताका कारणले विकासशील साना टापु राज्यलाई बहूविपद्ले असमान्य रूपमा प्रभाव पार्न सक्छ । जलवायु परिवर्तनका कारणले पनि विपद्का घटनाको तीव्रता बढ्ने हुँदा त्यसले दिगो विकासका प्रयासमा समेत आघात पुऱ्याउने हुन्छ । त्यसैकारण विकासशील साना द्विप तथा टापु राज्यलाई उपलब्ध हुने सहयोगलाई लचिलो वा खुला बनाउनु पनि आवश्यकता छ र विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा विकासोन्मुख साना टापु राज्यहरूको सम्मेलनबाट उपलब्धिको रुपमा रहेको (SIDS Accelerated Modalities of Action (SAMOA)) को कार्यान्वयनको माध्यमले विशेष समर्थन प्रदान गर्नु जरुरी छ ।

४३. स्वास्थ्य र शिक्षाजस्ता आधारभूत सेवाप्रदायक संरचना, नियमित जीवनशैलीको उत्थानशीलता बढाउन विपद् जोखिम बढ्ने चुनौतीको सामना गर्न निरन्तरता दिनुपर्छ। विशेष गरी, अफ्रिकी देशहरूलाई यस्ता चुनौतीको सामना गर्न पर्याप्त अन्तर्राष्ट्रिय सहयोग चाहिने हुँदा वर्तमान  कार्यढाँचाको कार्यान्वयनका लागि विशेष सहयोग प्रवाह गर्ने दाताको अनुमति आवश्यक छ ।

४४. दक्षिण-दक्षिण सहयोग, दक्षिण-दक्षिण र त्रिकोणात्मक सहयोगको पुरै सहयोग विपद् जोखिमलाई कम गर्नको लागि महत्वपूर्ण सावित भएकोछ र दुवै क्षेत्रमा सहयोगलाई अझ बलियो बनाउन आवश्यक छ । साझेदारहरूले देशको पूर्ण क्षमता र उनीहरूको विपद् जोखिम व्यवस्थापनमा आफ्नो राष्ट्रिय क्षमता सहयोग र व्यक्ति, समुदायहरू र

देशहरुको सामाजिक, स्वास्थ्य र आर्थिक सुधारमा महत्वपूर्ण भूमिका निभाइन्छ ।

४५. दक्षिण-दक्षिण र त्रिकोणात्मक सहयोगको विकास गरी विकासशील देशहरूले प्रयासहरू उत्तर-दक्षिण सहयोगको पूरै सहयोगको रूपमा उत्तर-दक्षिण सहयोगको विकासलाई कम गर्नु हुदैन ।

४६. विभिन्न प्रकारको अन्तर्राष्ट्रिय श्रोतहरू, सार्वजानिक, नीजि हस्तान्तरण, विश्वसनीय र किफायती, सजिलो, उपयुक्त र आधुनिक वातावरणीय रुपले ध्वनी प्रविधि, पारस्परिक रुपले  सहमतिको रूपमा, विकासशील देशहरूको क्षमता निर्माण, संस्थागत र नीतिगत वातावरण लाई सक्षम पार्दै सबै तहमा विपद् जोखिम न्यूनीकरणका माध्यमहरू महत्वपूर्ण छन ।

## कार्यान्वयनका अवयवहरू

४७ यसका उपलब्धिका लागि यी महत्वपूर्ण छन् :

(क) विकासशील देशहरू, विशेषगरी कम विकसित देशहरू, साना टापु विकासशील राज्यहरू, भूपरिवेष्ठित देशहरू र अफ्रिकी देशहरू साथै मध्य-आय भएका देशहरू विपद् जोखिम न्यूनीकरण गर्नका लागि विशेष चुनौतिको सामना गर्न निरन्तर समन्वय र प्रयाप्त अन्तर्राष्ट्रिय सहयोगको विस्तारित प्रावधान चाहिन्छ । द्वीपक्षीय र बहुपक्षीय श्रृङ्खलाको माध्यमबाट विशेष चुनौतिहरूको सामना गर्ने देशहरू उनीहरूको क्षमताहरूको विकास र सुदृढीकरणका लागि पारस्परिक प्राथमिकतात्मक सर्तहरूमा विस्तारित प्राविधिक र वित्तिय सहयोग र प्रविधिको हस्तान्तरणको माध्यमबाट पारस्परिक रुपले सहमत भएका छन ।

(ख) विशेष विकासशील देशहरूमा वित्त, पर्यावरणीय ध्वनी प्रविधि, विज्ञान र समवेशी नविकरण साथै जानकारी र सूचनाहरू, बर्तमान द्वीपक्षीय, क्षेत्रीय र बहुपक्षीय सहयागी व्यवस्था, संयुक्त राष्ट्र र अन्य सम्बन्धित निकाय सहितको पहुँच गर्न ।

(ग) सहयोगको व्यवहारिक कार्यमंचको विस्तार बढाउन र विश्वव्यापी  प्रविधि सम्बन्ध र प्रणालीहरू जस्तै जानकारी, नवीकरण, अनुसन्धान र विपद् जोखिम न्यूनीकरण गर्नमा प्रविधि र सूचनाको पहुँच सुनिश्चित गर्न  प्रवर्द्धन गर्नु ।

(घ) सबै क्षेत्रमा भित्र र सबै क्षेत्रमा बहुमूल्य र द्वीपक्षीय विकास सहायता कार्यक्रमहरू खासगरी गरिबीको कमी, स्थानीय विकास, प्राकृतिक साधन व्यवस्थापन, वातावरण, शहरी विकास जलवायु परिवर्तनको अनुकूलनमा विपद् जोखिम न्यूनीकरणका उपायहरू समावेश गर्न ।

## अन्तर्राष्ट्रिय संघसंस्थाहरूवाट सहयोग

४८. वर्तमान कार्यढाँचाको कार्यान्वयनमा सहयोग गर्न निम्नअनुसार कार्य गर्नु आवश्यक छ :

(क) संयुक्त राष्ट्र संघ र अन्य अन्तर्राष्ट्रिय तथा क्षेत्रीय संस्थाहरू, अन्तर्राष्ट्रिय र क्षेत्रीय वित्तीय संस्थाहरू र विपद् जोखिम न्यूनीकरणका कार्यमा संलग्न दातृ निकायहरूलाई उपयुक्त भएसम्म आफ्नो रणनीतिको पुनरावलोकन गर्न र समन्वयात्मक रूपमा सहयोग अभिवृद्धि गर्न आग्रह गरिएको छ ।

(ख) उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणका निमित्त संयुक्त राष्ट्र संघीय कार्ययोजनामार्फत् कोष र कार्यक्रमहरू संयुक्त राष्ट्रसंघीय कार्यढाँचा र राज्यका कार्यक्रमहरू अनुरुप संयुक्त राष्ट्र संघीय कोष र निकायहरू समाहित रहेको प्रणालीले विकासशील देशहरूको समर्थन, वर्तमान कार्यढाँचाको कार्यान्वयनमा, अन्तर्राष्ट्रिय स्वास्थ्य विनियम २००५ जस्ता अन्य संवद्ध ढाँचाहरूको समन्वयमा संयुक्त राष्ट्र विकास सहायता कार्यढाँचा र देशीय कार्यक्रमहरू र कोषहरू श्रोतहरूको अधिकतम प्रयोगको प्रवर्द्धन गर्न र विकासशील देशहरूको अुरोधमा सहयोग गर्न र क्षमता, स्पष्ट ध्यान केन्द्रित कार्यक्रम सुदृढीकरण सहित राज्यको प्राथमिकताहरू सन्तुलित, राम्रो समन्य र स्थायी रूपमा उनीहरूको सम्बन्धित जनादेशहरूमा सहयोग गर्न ।

(ग) विपद् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्र संघीय कार्यालय, विशेष गरी, प्रगतिमा आवधिक समीक्षा तयार गरी वर्तमान कार्यढाँचाको कार्यान्वयनमा अनुगमन, समिक्षा र समर्थन गरी कायान्वनय गर्न । विपद् जोखिम न्यूनीकरणका लागि अन्तर्राष्ट्रिय प्लेटफर्म र तिनीहरूको आपसी साथ सहयोग, संयुक्त राष्ट्रमा अनुगमन प्रक्रिया, सुदुढ विश्वव्यापी अनुगमन र क्षेत्रीय अनुगमन र सुचकहरूको विकासलाई सहयोग पुर्‍याउँछ । उपयुक्त, जलवायु परिवर्तनका लागि अन्य सान्दर्भिक संयन्त्रको समन्वय र तद्अनुरुप क्रियाशील वेवमा आधारित ह्योगो कार्यढाँचा अध्यावधि गर्ने क्रममा अनुगमन, दिगो विकास लक्ष्य सूचकहरुमा  अन्तर निकाय र विशेष समुहको काममा सक्रिय भूमिका लिन, राज्यसँग र विशेषज्ञहरूको गतिशीलताको माध्यमले निकट सहयोगमा कायान्वयनका लागि प्रमाणमा आधारित र व्यवहारिक मार्गदर्शन, विशेषज्ञ र प्राविधिक संस्थाहरू, वकालत पहलहरू र विपद् जोखिमको जानकारी, नीतिहरू र प्रथाहरूको प्रसारको साथै शिक्षा र प्रशिक्षण सम्बन्धित संगठनको माध्यमले विपद् जोखिम न्यूनीकरण गर्न, सूचकको विकासको माध्यमले सम्बन्धित सरोकारवालाहरूको बीच रोकथामको एक संस्कृति मजवुत पार्न, समन्वयकारी देशहरू, राष्ट्रिय प्लेटफर्महरू वा उनीहरूको समकक्षसहित राष्ट्रिय योजनाहरूको विकासमा र प्रकोप जोखिम, नोक्सान र प्रभावहरूमा प्रवृति र संरचनहरूमा निगरानी गर्न, क्षेत्रीय संस्थाहरूसंगको सहयोगमा विपद् जोखिम न्यूनीकरणका

लागि विश्वव्यापी कार्यमंचको आयोजना तथा क्षेत्रीय कार्यमंच वा संगठनको सहयोग, लडाईका लागि विपद् जोखिमको न्यूनीकरणमा संयुक्त राष्ट्र योजनाको पुनरुत्थानको प्रमुख, वृद्धि, सुविधा र सेवा जारी राख्न, विपद् जोखिम न्यूनीकरणको गतिमा विज्ञान र प्राविधिक काम, विपद् जोखिम न्यूनीकरणमा वैज्ञानिक र प्राविधिकको सल्लाहकार समूहका लागि संयुक्त राष्ट्र कार्यालय, प्रमुख राज्यसंग नजिक समन्वय, राज्यद्वारा सहमत पदावलीहरूको सम्झौतासँग विपद् जोखिम न्यूनीकरण गर्नमा २००९ UNISDR Terminology को हकदार प्रकासनको अध्ययन र सरोकारवालाहरूको प्रतिवद्धता दर्ता ।

(घ) विकासशील देशहरूमा एकीकृत विपद् जोखिमको न्यूनीकरणका लागि वित्तीय सहायता र ऋण प्रदान गर्नको लागि वर्तमान कार्यढाँचाको प्राथमिकताहरूलाई विचार गर्नका लागि अन्तर्राष्ट्रिय वित्तीय संस्थानहरू जस्तै विश्व बैंक र क्षेत्रीय विकास बैंक ।

(ङ) अन्य सान्दर्भिक कार्यढाँचाको समन्वयमा वर्तमान कार्यढाँचाको कार्यान्वयनमा, विकासशील देशहरूको अनुरोधमा अन्य अन्तर्राष्ट्रिय संस्थाहरू र सन्धि निकायहरू, संयुक्त राष्ट्र संघ कार्यढाँचाको जलवायु परिवर्तनको पक्षमा सम्मेलन, विश्वव्यापी र क्षेत्रीय स्तरमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको सहयोग ।

(च) संयुक्त राष्ट्र ग्लोबल कमप्याक्ट, नीजि क्षेत्र र व्यवसायीको संलग्नताका लागि संयुक्त राष्ट्र संघको पहल, स्थायी विकास दिगोपनाका लागि विपद् जोखिम न्यूनीकरणको महत्वलाई बढावा गर्न ।

(छ) विकासशील देशहरूलाई विकासको लागि संयुक्त राष्ट्र प्रणालीको समग्र क्षमतालाई विभिन्न वित्त संयन्त्रको माध्यमबाट प्रयाप्त स्रोतहरू प्रदान गरी बलियो बनाउन सकिन्छ, जसमा वृद्धि, समयमै, स्थिर र अनुमानित योगदान सहित संयुक्त राष्ट्र ट्रष्ट कोषमा विपद् न्यूनीकरणका लागि योगदान र वर्तमान कार्यढाँचाको कार्यान्वयनको सन्दर्भमा विश्व कोषको भूमिका बढाउन ।

(ज) अन्तर-संसदीय संघ र अन्य सम्बन्धित क्षेत्रीय निकायहरू र संसदका लागि मन्त्रिपरिषद्हरू उपयुक्तरूपमा विपद् जोखिम न्यूनीकरणलाई सहयोग गर्न र राष्ट्रिय कानुनी ढाँचाको सुदृढीकरण जारी राख्न ।

(झ) संयुक्तरूपमा विकसित सहरहरू, स्थानीय सरकारी सङ्ठन र स्थानीय सरकारका अन्य सम्बन्धित निकायहरूले विपद् जोखिम न्यूनीकरणका लागि वर्तमान कार्यढाँचाको

कार्यान्वयन गर्न स्थानीय सरकारहरूबीच आपसी सिकाईलाई प्रवर्द्धन गर्न सहयोग र सहकार्य गर्नु जरुरी छ ।

## कार्यहरूको निरन्तरता (Follow-up Actions)

४९. विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्यढाँचा २०१५-२०३० को एकीकृत र समन्वयात्मक कार्यान्वयनलाई निरन्तरता दिन तथा यसमा भएका विश्वव्यापी प्रगतिको नियमित अनुगमनका विधि र प्रक्रियामाथि आवश्यक छलफलका लागि यो सम्मेलन साधारणसभाको लागि आग्रह गर्दछ । विशेषगरी, साधारण सभाको सत्रौं सेसनमा संयुक्त राष्ट्र संघको सभा र सम्मेलनमा कार्यढाँचाको निरन्तरताका लागि अनुगमानका विधि र प्रक्रियमा पहिचान गरिनेछ र यसमा आर्थिक तथा सामाजिक परिषद्, दिगो विकास र चतुर्वर्षीय बृहत्तर नीति पुनरावलोकन चक्रीय उच्चस्तरीय राजनीतिक मञ्चले विपद् जोखिम न्यूनीकरणका लागि विश्व कार्यमञ्च, विपद् जोखिम न्यूनीकरणका लागि क्षेत्रीय कार्यमञ्च र कार्यको अनुगमन प्रणालीका लागि सेण्डाइ कार्यढाँचा समाविष्ट रहनेछन् ।

५०. यो सम्मेलन साधारण सभाको ६९ औं सत्रलाई राज्यद्धारा छानिएका विज्ञ, विपद् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्र संघीय कार्यालयको सहयोगमा उपयुक्त सरोकारवालाको सहभागिता सहतिको स्वतन्त्र अन्तर्सरकारी कार्यसमूहको स्थापना गर्न सिफारिस गर्दछ । यस प्रयासले दिगो विकासका सूचकअनुरुप अन्तरनिकाय र विज्ञसमूहबीच संयोजनका माध्यमबाट वर्तमान कार्यढाँचाको कार्यान्वयनमा भइरहेको विश्वव्यापी प्रगतिको मापनका लागि सम्भावित सूचकको विकास गर्नेछ । यो सम्मेलन यो पनि सुझाव प्रस्तुत गर्दछ कि कार्यसमूहले विपद् जोखिम न्यूनीकरणका लागि संयुक्त राष्ट्रसंघीय कार्यालय र प्राविधिक सल्लाहकार समूहलाई “२००९ संयुक्त राष्ट्रसंघीय अन्तर्राष्ट्रिय विपद् न्यूनीकरण सचिवालयद्धारा प्रकाशित विपद् जोखिम न्यूनीकरण शब्दावली” मा अध्यावधिक गर्न डिसेम्बर २०१६ सम्ममा आवश्यक सुझाव प्रस्तुत गरोस् जुन अनुमोदनका लागि सभामा प्रस्तुत गर्न सकियोस् ।

# विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाइ कार्याढाँचा
# सन २०१५–२०३०

## सारसङ्क्षेप

### क्षेत्र तथा उद्देश्य

वर्तमान कार्यढाँचा स-साना र ठूला स्तरका, नियमित र अनियमित, तीब्र र सुस्त उत्थान विपद्जन्य जोखिम, प्राकृतिक र मानवकृत प्रकोप, वातावरणीय, प्राविधिक र जैविक प्रकोप र तिनको जोखिम न्यूनीकरणका सन्दर्भमा कार्यान्वयन गर्न सकिनेछ । बहूप्रकोपद्वारा विकासका सबै विषयगत क्षेत्र, तह र प्रक्रियामा उत्पन्न हुनसक्ने विपदको व्यवस्थापन गर्न मार्गदर्शन गर्न नै यस कार्यढाँचाको मुख्य उद्देश्य रहेको छ ।

### अपेक्षित उपलिव्ध

विपद्को जोखिम र मानवीय क्षति, जीविकोपार्जनका साधन, स्वास्थ्य र व्यक्तिगत, व्यवसायिक, सामुदाय र राज्यको आर्थिक, भौतिक, सामाजिक, सांस्कतिक तथा वातावरणीय सम्पत्तिमा हुने नोक्सानी र क्षतिलाई दिगोरुपमा घटाउने ।

### गन्तव्य

विपद्का कारण उत्पन्न हुने नयाँ जोखिमलाई रोक्ने र मौजुदा जोखिम घटनउनका लागि प्रभावकारी प्रतिकार्य तथा पुनर्लाभका लागि पूर्वतयारीलाई सशक्त बनाउने, उत्थानशीलता सुदृढ बनाउने र प्रकोपको सम्मुखता र विपद्को सङ्कटासन्नता घटाएर वा रोकथाम गरेर आर्थिक, संरचनात्मक, कानुनी, सामाजिक, स्वास्थ्य, सास्कृतिक, शैक्षिक, वातारणीय, प्राविधिक, राजनीकि र संस्थागत विधिलाई एकीकृत रूपमा कार्यान्वयन गर्ने ।

<table>
<tr><th colspan="7">मार्गदर्शक सिद्धान्त</th></tr>
<tr><td>विपद् जोखिम रोकथाम र न्यूनीकरण गर्ने पहिलो जिम्मेवारी राज्यको रहन्छ ।</td><td>राष्ट्रिय अवस्थाअनुरुप उपयुक्त हुनेगरी केन्द्रीय सरकार र राष्ट्रका अधिकारीहरू, विषयगत क्षेत्र र सरोकारवालाहरू बीच जिम्मेवारीको बाँडफाँड गरिनुपर्छ ।</td><td>सबै प्रकारको मानवअधिकारको संरक्षण र प्रबर्द्धन गर्दै विकासको अधिकारसहित व्यक्ति र तिनको सम्पत्तिको संरक्षण गर्नुपर्छ ।</td><td>समाजका सबै वर्ग र तप्काका मानिसलाई संलग्न गराउनुपर्छ ।</td><td>राज्यबाट राष्ट्रिय र स्थानीय तहमा कानुनी मान्यता प्राप्त गरेका सबै कार्यकारीलाई पूर्ण रूपले संलग्न गराउने ।</td><td>स्थानीय अधिकारी र समुदायलाई स्रोत र प्रोत्साहनका माध्यमबाट सशक्त बनाई उपयुक्तताका आधारमा निर्णय र जिम्मेवारी बहन गर्न सक्ने बनाउने ।</td><td>बहुप्रकोप अवधारणाबाट निर्णय गरिँदा जोखिम बारे पूर्ण जानकारीसहित समावेशी विधिको अवलम्बन गर्नुपर्छ</td></tr>
<tr><td colspan="2">विपद् जोखिम न्यूनीकरण र विभिन्न विषयगत क्षेत्रको दिगो विकासका लागि नीति, योजना, अभ्यास र संरचनालाई एकीकृत गरिनुपर्छ ।</td><td>जोखिम न्यूनीकरणका उपाय निर्धारण गर्दा स्थानअनुरुप विपद् जोखिमका विशिष्ट विशेषताप्रति संवेदनशील हुनुपर्छ ।</td><td>विपद्पछिको प्रतिकार्य र पुनर्लाभका कार्यमा मात्र ध्यान केन्द्रित नगरेर लागत प्रभावी लगानीका माध्यमबाट जोखिमका अन्तर्निहित तत्वहरुको सम्बोधन गर्नुपर्छ ।</td><td>मौजूदा विपद् जोखिम रोक्न र न्यूनीकरण लागि “पहिलेभन्दा बलियो निर्माण” लाई प्रबर्द्धन गर्ने ।</td><td>विश्वव्यपी साझेदारी र अन्तर्राष्ट्रिय सहयोग गुणस्तरीय, प्रभावकारी, अर्थपूर्ण र बलियो हुनुपर्छ ।</td><td>विकासित देश र विकास साझेदारहरूले अल्पविकसित देशलाई सहयोग गर्दा उनीहरूका पहिचान भएका अवश्यकता र प्राथमिकतालाई सम्बोधन गर्नुपर्छ ।</td></tr>
</table>

| लक्ष्य | | | | | | |
|---|---|---|---|---|---|---|
| सन् २०३० सम्ममा विपद्बाट विश्व स्तरमा हुने मानिसको मृत्युदर दिगो रुपमा घटाउने । सन् २००५ देखि सन् २०१५ सम्मको मृत्युदरको तुलनामा सन् २०२० देखि सन् २०३० सम्मको दशकमा प्रतिवर्ष औसतमा विश्वव्यापी मृत्युदर १००,००० का दरले घटाउने । | सन् २०३० सम्ममा विपद्बाट विश्वव्यापी रुपमा प्रभावित हुने मानिसको सङ्ख्या दिगो रुपमा घटाउने । सन् २००५ देखि सन् २०१५ सम्मको अवधिमा विपद्बाट प्रभावित भएका मानिसको तुलनामा सन् २०२० देखि सन् २०३० सम्मको दशकमा वार्षिक औसत १००,००० का दरले घटाउने । | सन् २०३० सम्ममा विश्वव्यापी कूल गार्हस्थ उत्पादन (global gross domestic product - GDP) लाई आधार मानेर विपद्बाट हुने प्रत्यक्ष आर्थिक क्षति न्यून गर्ने । | सन् २०३० सम्ममा उत्थानशीलताको विकासका माध्यमबाट महत्वपूर्ण तथा संवेदनशील भौतिक पूर्वाधारमा विपद्बाट हुने नोक्सानी र स्वास्थ्य तथा शैक्षिक सुविधाजस्ता आधारभूत सेवामा हुनसक्ने अवरोधलाई पूर्णरुपमा घटाउने । | सन् २०२० सम्ममा राष्ट्रिय तथा स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीति भएका मुलुकको सङ्ख्या दिगोरुपमा बढाउने । | सन् २०३० सम्म वर्तमान कार्यढाँचाको कार्यान्वयनलाई पूर्णता दिनेगरी विकासोन्मुख मुलुकका लागि दिगो र पर्याप्त अन्तर्राष्ट्रि सहयोग र साझेदारी अभिवृद्धि गर्ने । | सन् २०३० सम्ममा विपद् जोखिम सूचना तथा लेखाजोखा र बहुप्रकोप पूर्वसूचना प्रणालीको दिगो र सहजरुपमा उपलब्ध गराउने तथा सबै मानिसको पहुँच बढाउने । |

| प्राथमिक कार्य | | | |
|---|---|---|---|
| **Priority 1**<br>**विपद् जोखिमबारे बुझाई**<br>विपद् जोखिम व्यवस्थापनसम्बन्धी बुझाइ व्यक्ति र सम्पत्तिको सङ्कटासन्नता, क्षमता, सम्मुखता, प्रकोपको विशेषता र वातावरणजस्ता सबै आयाममा निहित हुनु आवश्यक छ । | **Priority 2**<br>**विपद् जोखिम व्यवस्थापनका लागि विपद् जोखिम सुशासन सशक्तीकरण** राष्ट्रिय, क्षेत्रीय र विश्व स्तरमा सबै क्षेत्रलाई समेटेर विपद् जोखिम न्यूनीकरणका लागि गरिने व्यापक व्यवस्थापन तथा राष्ट्रिय र स्थानीय कार्यढाँचा, त्यसका लागि तयार हुने काम, कर्तव्य र अधिकारसहितका ऐन, नियम, सार्वजनिक नीति, मार्गदर्शनद्वारा सर्वसाधारण तथा निजी क्षेत्रलाई दिइने प्रोत्साहन र लाभको सुनिश्चितता विपद् जोखिम सुशासनका लागि महत्वपूर्ण हुन्छ । | **Priority 3**<br>**उत्थानशीलताका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी**<br>आर्थिक, सामाजिक, स्वास्थ्यसम्बन्धी र सांस्कृतिक रुपमा व्यक्ति, समुदाय, राष्ट्र र तिनका सम्पत्तिका साथै वातावरणमा रहेको जोखिम रोकथाम र न्यूनीकरणका कार्य संरचनात्मक र गैरसंरचनात्मक विधि अपनाएर गर्न सकिन्छ। यी कार्यलाई नवप्रवर्द्धनमूखी क्रियाकलापद्वारा कामको सिर्जना र वृद्धि गर्नु आवश्यक छ । यस्ता विधि न्यून लागत, नोकसानको रोकथाम र न्यूनीकरणका साथै प्रभावकारी पुनर्लाभ र पुन:स्थापनद्वारा गर्न सकिन्छ । | **Priority 4**<br>**प्रभावकारी प्रतिकार्यका लागि सुदृढ पूर्वतयारी र “पहिलेभन्दा बलियो निर्माण” सहितको पुर्नलाभ, पुन:स्थापन र पुनर्निर्माण ।**<br>प्रभावकारी प्रतिकार्य र प्रभावकारी पुनर्लाभका लागि आवश्यक क्षमताको सुनिश्चितता सहितको विपद् पूर्वतयारी आवश्यक पर्ने कुरा अनुभवहरूबाट प्रमाणित भइसकेका छन् । विपद्ले देखाइसकेको छ कि पुनर्लाभ, पुन:स्थापना र पुनर्निर्माणको चरणका लागि विपद् पहिले नै तयार हुनुपर्छ र एकीकृत विपद् जोखिम न्यूनीकरणको विधिबाट “पहिलेको तुलनामा राम्रो निर्माण” गर्न सकिन्छ । विपद् प्रतिकार्य र पुनर्निर्माणका क्रममा महिला र अपाङ्गता भएका व्यक्तिहरूद्वारा सार्वजनिकरूपमा नेतृत्व र प्रवर्द्धन गरिएको लैङ्गिक समानता र सर्वव्यापी पहूँचको अवधारणा अपनाइनुपर्छ । |



www.preventionweb.net/go/sfdrr
www.unisdr.org
isdr@un.org

UNISDR
The United Nations Office for Disaster Risk Reduction

UNISDR
The United Nations Office for Disaster Risk Reduction

9-11 Rue de Varembé
CH 1202, Geneva
Switzerland
www.unisdr.org

Publication Support

ECO-Nepal

DCA actalliance